जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको विकास अर्थतन्त्रको आधार

# कृषि जर्नल
Agriculture Journal
मासिक

कृषि जर्नल २०८१ कार्तिक (krishijournal–2024, (October-November)

## हिमालको सुरक्षासँग पृथ्वीको भविष्य छ भन्ने कुरा नबिसौं : राष्ट्रपति पौडेल

## World Food Forum 2024 closes after a week of collaboration and commitment to "Good Food for All -Today and Tomorrow"















दर्ता नं. का.जि.प्र.का.द.नं. १३६/०६२/०६३
जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अर्थतन्त्रको आधार

# कृषि जर्नल
Agriculture Journal
मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३

वर्ष-२०, अङ्क १२४ कार्तिक ०८१

## यस अङ्कमा

१. जलवायू र गरिबी निवारण एकीकृत
रुपमा सम्वोधर्न गर्नु : राष्ट्रपति पौडेल ३
२. हिमालको सुरक्षासँग.... राष्ट्रपति पौडेल ४
३. कोप-२९ मा नेपालको सहभागिता ६
४. आसन्न जलवायू संकटसँग जुध्न ...... ८
५. नेपालमा उत्पादन हुने कोसेबाली १०
६. चिया तथा कफीको विकासमा ............ १२
७. खाद्य तथा गुण नियन्त्रण १५
८. *कृषिमा लगानी र राष्ट्रको समृद्धि* १६
९. दिगो कृषि नै परनिर्भरता १७
१०. नेपालमा पालिने बाख्राका जातहरू १८
११. उँख खेती लगाउने उन्नत प्रविधिहरू १९
१२ फूल प्रदर्शनी २०८१ सम्पन्न २३
१३. करोड बढीको कारोबार गर्दै ......... २४
१४. बहुगुणी वनस्पति "काँढे धनिया" २५
१५. सार्वजनिक गऱ्यो एकमहिने अभियान २६
16. Why we need to think about transportation .....27
17. Risk of famine remains high ....... 28
18. We need to end hunger and build to ...... 29
19. Inspiring the future: Junior ......... 30
20. World Food Forum 2024 closes after
a week of collaboration and commitment to
"Good Food for All -Today and Tomorrow" 32
21. 'Nothing left'- Floods leave trail of
hunger in West and Central Africa 34
22. World Food Forum: Inclusive innovation .... 36












प्रकाशक : कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि
सल्लाहकार : कृष्ण कोपिला, छविन्द्रराज कँडेल
प्रधान सम्पादक : धनबहादुर मगर
मुख्य कार्यालय : बागबजार २८, टौखेल मच्छेगाउँ ९, चन्द्रागिरी नगरपालिका
फोन : ०१४२८८७४३, मोवाईल नं. ९८४१४४५७५३, मुद्रण : प्रिन्ट स्काई, भुरुङ्खेल, काठमाडौं
**website** : www.krishijournal.com.np, इमेल : krishijournal@yahoo.com

व्यक्तिगत मूल्य रु.१००/-
संस्थागत मूल्य रु.२००/-

सम्पादकीय

# सार्वजनिक ऋण घटाउन सरकारलाई सहयोग गरौं



सरकार आज ऋणै ऋणको भारमा छ । हुन त ऋण जतिसुकै समृद्ध मुलुकहरूसँग पनि हुन्छन् नै तर नेपाल र अन्य देशको अवस्था भौगौलिक रुपमा, सामाजिक र आर्थिक, र साँस्कृतिक रुपमा भिन्न छ ।

हाम्रो देश नेपाल अझै समाजवाद उन्मूख अर्थतन्त्रमा लम्किन खोजेको र नसकेको अवस्था छ । आज नेपालको सार्वजनिक ऋण बढ्दै गएको छ । प्रत्येक नेपालीको काँधमा बज्रिने ऋण पनि त्यही हो ।

आज कुल ग्राहस्थ उत्पादन जिडिपीको ४४ प्रतिशत  नाघेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिक अवधिमा सरकारको ऋण करिब रु ८४ अर्ब थपिएको छ । यस सँगै कूल सार्वजनिक ऋण कुल २५ खर्ब १८ अर्ब ५ करोड पुगेको छ । यो कुल ग्राहस्थ उत्पादनको ४४ दशमलब १४ प्रतिशत हो । आर्थिक वर्षको अन्त्यमा कूल सार्वजनिक ऋण २४ खर्ब ३४ अर्ब ९ करोड रहेकोमा कार्तिक मसान्त सम्ममा ८३ अर्ब ९५ करोडले बढेको छ ।

विदेशी मुद्राको विनिमय दरमा भएको परिवर्तनका कारण गत असोज मसान्त सम्मको तुलनामा कार्तिक मसान्तसम्ममा रु ४ अर्ब ९८ करोड बराबरको घटेको प्रतिवेदनमा उल्लेख छ । कार्यालयका अनुसार कुल सार्वजनिक ऋण मध्ये आन्तरिक ऋण दायित्व रु.१२ खर्ब ५२ अर्ब १६ करोड १८ लाख र वाह्य ऋण दायित्व १२ खर्ब ६५ अर्ब ८९ करोड ७२ लाख बराबर छ । कुल ग्राहस्थ उत्पादनको आधारमा ऋणको अनुपात आन्तरिक ऋण २१ दशमलव ९५ प्रतिशत र वाह्य ऋण २२ दशमलव १९ प्रतिशत रहेको छ । सरकारले चालु आवका लागि रु ५ खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ । पहिलो चौमासिक अवधि सम्ममा रु १ खर्ब ६५ अर्ब ७२ करोड ऋण प्राप्त भइसकेको छ । वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति ३० दशमलव ३० प्रतिशत हो । चालु आवका लागि सरकारले रु ३ खर्ब ३० अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेकोमा वार्षिक लक्ष्यको ४३ दशमलव ६४ प्रतिशत अर्थात रु १ खर्ब ४४ अर्ब पहिलो चौमासिक अवधिमा उठाएको छ ।

त्यसमा २ खर्ब १७ अर्ब वाह्य ऋण उठाउने वार्षिक लक्ष्य रहेकोमा कार्तिक मसान्त सम्ममा १० दशमलव १ प्रतिशत अर्थात रु २१ अर्ब ७२ करोड ऋण लिएको छ ।

चालु आवमा सरकारी ऋणको साँवा व्याज भुक्तानी गर्न सरकारले रु ४ खर्ब २ अर्ब बराबर वजेट विनियोजन गरेको थियो । कार्तिक मसान्त सम्ममा रु १ खर्ब ८ अर्ब १४ करोड साँवा व्याज भुक्तानी भइसकेको छ । कार्यालयको प्रतिवेदनमा उल्लेख छ । कुल जिडिपीको आधारमा कार्तिक मसान्तसम्ममा ऋणको साँवा व्याज तिर्न भएको खर्च १ दशमलव ९० प्रतिशत बराबर हो ।

यसरी सरसर्ती हेर्दा नेपाल सरकारको ऋण झण्डै ४५ प्रतिशत पुग्न लागेको छ । आन्तरिक होस वा वाह्य ऋण बढ्दै जानु र ऋण साँवाव्याज तिर्दै जानु पर्ने अवस्था सरकारलाई परेको देखिन्छ । यो अवस्थामा ऋण भार कम गराउन सरकारले मुलुकको कृषि अर्थतन्त्रलाई उकास्न कृषि उत्पादन नै प्रमुख माध्यम हो । यसको अलवा आन्तरिक उद्योग धन्दाको विकास गर्नु, पृथ्वीमा असर नगर्ने भूमिमा रहेको सम्पूण साधान स्रोत प्रयोग गरि राज्यको आम्दानी बढाउन सके मात्र देशको ऋण घटाउन सकिने देखिन्छ ।

कृषि प्रयोजनका लागि तराई र मधेशमा बढिमा चार विगाह अर्थात २ दशमलब ७१ हेक्टर, हिमाली क्षेत्रमा ७० रोपनी अर्थात ३ दशमलब ५६ हेक्टर एवं उपत्यकाका ग्रामीण क्षेत्रसहित मध्यपहाडी जिल्लाहरूमा बढिमा ५५ रोपनी जग्गा राख्न पाउने प्रस्ताव गरीएको छ । काठमाण्डौ उपत्यका भित्र पनि महानगरपालिका, उप-महानगरपालिका र नगरपालिका क्षेत्रमा भने १० रोपनीसम्म जग्गा कृषि प्रयोजनका लागि राख्न सकिने आयोगको प्रतिवेदनमा उल्लेख छ । उपत्यका बाहिरका जिल्लाका सदरमुकाम र नगरपालिकाका साथै शहरोन्मुख क्षेत्रका लागि भने कषि प्रयोजनका लागि बढिमा २० रोपनी अर्थात १ दशमलब ०२ हेक्टरसम्म जग्गा एक परिवारको स्वामित्वमा राख्न पाउने व्यवस्था प्रस्ताव गरीएको छ । भूमिहीन किसानहरुलाइ हिमालमा १० रोपनी, पहाडमा ५ रोपनी र तराईमा ५ कट्ठा जग्गा दिन आयोगले राज्यलाई सिफारिस गरेको छ । प्रतिवेदनले सबै भूमिहीनहरूलाई जग्गा उपलव्ध गराउन करीब  ४ लाख २१ हजार ७ सय ७० हेक्टर जमीन आवश्यक पर्ने देखाएको छ । भूमिहीन सुकम्वासीका लागी ४ हजार २ सय ७५ हेक्टर, भूमिहीन किसानका लागि एक लाख २९ हजार एक सय ९५ हेक्टर, सानो घरसहित करेशावारी भएका  किसानका लागि २ लाख एक हजार हेक्टर, आवासका लागि घर मात्र हुनेहरुका लागी ६४ हजार ८ सय हेक्टर र भूमिहीन, कृषि श्रमिक हलिया हरुवा चरुवाका लागी २२ हजार ५०० हेक्टर जग्गा आवश्यक पर्ने आयोगको आंकलन गरिएको छ । सरकारी स्वामित्वमा रहेका  सार्वजनिक, ऐलानी पर्ति समेत गरी ३ लाख २९ हजार ९८ हेक्टर, हदवन्दी भन्दा बढी जग्गा जमीन हुने जग्गाधनीहरूबाट राज्यले अधिग्रहण गरेर लिने करीब एक लाख २५ हजार ५ सय हेक्टर, हैसियत बिग्रीएको वन क्षेत्रवाट ३१ हजार एक सय ८४ हेक्टर, नदीकटानबाट खेर गएको ४ हजार हेक्टर र गुठी जग्गाबाट ३ हजार ६९ हेक्टर गरी ४ लाख ९२ हजार ८ सय ५१ हेक्टर जमिन हामीसँग रहेको छ ।

यसरी रहेको जमिन भूमिको स्रोतमा रहेको वन पनि एउटा आयआर्जन ठूलो स्रोत हो । यसबाट आयतमा आएको सम्पूर्ण वस्तुहरु घटाउन सकिन्छ । कृषि र वन जलको प्रयोग गरि यथा सम्भव देशको अर्थतन्त्रको विकासमा लगाउनु जरुरी छ । सबैभन्दा चाँडो आय दिने माध्यम भनेको कृषि हो । जो आज ५४ अर्बको बढीको खाद्यजन्य र अन्य गरि ६४ अर्ब भन्दा बढी आयत गरेर देशको अर्थतन्त्र नराम्ररी प्रभाव पारिरहेको छ । प्रकृतिलाई नोक्सान नहुने गरी यसको उपयोग गर्दै देशको लाभको लागि लागि परौं ।

नेपालबाट आयत गरिने रासायनिक मल, रासायनिक विषादी, विदेशबाट मगाइने भौतिक पूर्वाधारको सामानहरूको उपयोगले पनि देशको ठूलो असर पुऱ्याएको देखिन्छ । चाहे कृषि यन्त्र हुन् चाहे अन्य यातायातको साधान, यसरी देशको अर्थतन्त्र चलायमान गराउने **बाँकी ....... १७ पृष्ठमा**

# जलवायू र गरिबी निवारण एकीकृत रुपमा सम्वोधर्न गर्नु : राष्ट्रपति पौडेल

काठमाडौं कार्तिक २८, राष्ट्रपति रामचन्द्र पौडेलले जलवायु परिवर्तनका कारण पीडित हुनेहरुलाई न्याय दिने हो भने उनीहरुले भोगेका जलवायु समस्या र गरिबी निवारण कार्यक्रमलाई एकिकृत रुपमा सम्वोधन गर्नुपर्ने बताएका छन् ।

अजरवैजानको बाकुमा सोमबारदेखि सुरू भएको कोप(२९ सम्मेलनका क्रममा किर्गिस्तानद्वारा आयोजित उच्चस्तरीय सत्रलाई सम्वोधन गर्दै राष्ट्रपति पौडेलले सो धारणा व्यक्त गरेका हुन् ।

'जलवायु परिवर्तनका कारण पर्वतीय क्षेत्रका युवा विदेश पलायन हुँदा त्यस क्षेत्रका गरिव महिला, बच्चाबच्ची र वृद्धवृद्धा अझ बढी जलवायु प्रभावमा परेका छन्, उनीहरुलाई न्याय दिने हो भने उनीहरुले भोगेका जलवायु समस्या र गरिवी निवारण कार्यक्रमलाई एकीकृत रुपमा सम्वोधन गर्नुपर्ने हुन्छ', राष्ट्रपति पौडेलले भने ।

पर्वतीय क्षेत्रका नागरिकले व्यहोरेका जलवायु समस्या उनीहरुको आफ्नै कारणले नभई त्यो त द्रुत गतिमा प्राकृतिक स्रोतको दोहन गरेर धनी भएका विकसित राष्ट्रहरुले गरेको कार्वन उत्सर्जनका कारण भएको उनको धारणा थियो । 'उनीहरुलाई जलवायु न्याय दिनमा कोप-२९ सफल हुनेछ भन्ने मेरो पूर्ण विश्वास छ', राष्ट्रपति पौडेलले भने ।

जलवायु परिवर्तनका प्रभाव हरेक वर्ष बढ्दो रहेको र त्यसले नयाँ रेकर्ड कायम गर्दै गएको बताउँदै त्यसका कारण पर्वतीय क्षेत्र तुलानात्मक रुपमा बढी जोखिममा परेको उनको भनाइ थियो ।

गत अगस्टमा नेपालको सगरमाथा क्षेत्रमा हिउँताल फुट्दा थामे गाउँका ३५ भन्दा बढी घरधुरी विस्थापन भई करोडौको हानीनोक्सानी व्यहोर्नु परेको सन्दर्भ उल्लेख गर्दै उनले गत मनसुन सिजनमा आएको बाढी पहिरोमा नेपालका ५०० बढी नागरिकले जीवन गुमाउनु परेको जानकारी दिएका थिए ।




'यसको पीडा अझै सन्चो भएको छैन, आउँदा दिनमा यो समस्या अझ बल्झिने छ र विकराल अवस्था सिर्जना गर्ने छ भन्ने आंकलन अहिले नै गरेनौं र उपयुक्त सावधानी लिएनौं भने भोलि अझ बढी हानिनोक्सानी व्यहोर्नु पर्ने छ', राष्ट्रपति पौडेलले भने ।

पौडेलले नेपाल र किर्गिस्तान दुबै पर्वतीय मुलुक भएकोले हामीहरुले भोगेका जलवायु परिवर्तनका असर र प्रभाव पनि समान छन् । साथै, नेपाल र किर्गिस्तानले विगतमा हिउँ चितुवा संरक्षणमा पनि सँगै काम गरेको अनुभव रहेको स्मरण गरे । सो कार्यक्रममा किर्जिकिस्तानका राष्ट्रपति, मंगेलियाका राष्ट्रपति, अजरवैजानका विदेशमामिला मन्त्रीलगायतले बोलेका थिए ।

अजरवैजानको बाकु सहरमा यही कात्तिक २६ गतेबाट शुरु भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धि पक्ष राष्ट्रहरुको २९ औं सम्मेलन (कोप-२९) अर्न्तगत मङगलबार राष्ट्रपति पौडेलले उच्चस्तरीय सत्रको 'विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन'लाई सम्वोधन गरेका थिए ।

सम्मेलनका क्रममा नेपालले आफ्ना एजेण्डामाथि विश्वको ध्यानाकर्षण गराउन राष्ट्रपति पौडेलको नेतृत्वमा बेग्लै उच्चस्तरीय सत्र सञ्चालन गरेका थिए ।

सम्मेलन (कोप-२९) अर्न्तगत नेपालले आयोजना गर्ने 'माउण्टेन इन पेरिल, एडेसिङ लस एण्ड डयामेज इन द हिमालय' ('पर्वतीय क्षेत्रमा जलवायुजन्य हानि तथा नोक्सानीको सम्वोधन') शीर्षकको उच्चस्तरीय राउण्ड टेबल बैठकलाई उनले सम्वोधन गर्नेछन् ।

अजरवैजानका राष्ट्रपति इलहम अलियभको निमन्त्रणामा उक्त सम्मेलनमा सहभागी हुन राष्ट्रपति पौडेल सोमबार बाकु आइपुगेका हुन् । उनलाई यहास्थित हैदर अलीएभ अन्तराष्ट्रिय विमानस्थलमा अजरबैजानका न्याय मन्त्री फरिद अहमदोले स्वागत गरेका थिए ।

सो अवसरमा राष्ट्रपति पौडेलले अहिलेको विश्वको समस्या नै जलवायु परिवर्तन भएको र यो सम्मेलनले विकसित देशलाई कार्वन उत्सर्जन कम गर्न र जलवायु कोषमा प्रतिवद्धता प्रकट गरेको रकम लगानी गर्न तथा कार्वन उत्सर्जनमा न्यून योगदान गरेर पनि मारमा परेका विकासशील देशका लागि लगानी गर्न प्रेरित गर्नुपर्ने बताएका थिए ।

राष्ट्रपति पौडेल र संयुक्त राष्ट्र संघका महासचिव एन्टेरियो गुटेरसबीच जलवायु परिवर्तनबाट देखिएको समस्या समाधानका बारेमा कुराकानी भएको थियो । कतारको दोहाबाट अजरवैजानको बाकु जानेक्रममा उहाँहरुबीच भएको भेटमा जलवायु परिवर्तनबाट उत्पन्न समस्या समाधानका बारेमा छलफल भएको हो । यस सम्मेलनको नारा 'न्यु कलेक्टिभ क्वान्टिफाइड गोल (एनसिक्युजी)' रहेको छ ।

भ्रमण दलमा प्रथम महिला सविता पौडेल, वन तथा वातारण मन्त्री ऐनबहादुर शाही, राष्ट्रपतिका विज्ञ/सल्लाहकारसहित नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरुको सहभागिता छ । सम्मेलन आगामी मंसिर ७ गतेसम्म चल्नेछ ।

कोप-२९ मा भाग लिन राष्ट्रपति पौडेल यसअघि यही कार्तिक २५ गते आइतबार काठमाडौंबाट दोहाको लागि प्रस्थान गर्नुभएको थियो । सम्मेलनमा भाग लिएर राष्ट्रपति पौडेल कात्तिक ३० गते स्वदेश फर्किसक्नु भएको छ ।

# हिमालको सुरक्षासँग पृथ्वीको भविष्य छ भन्ने कुरा नबिसौं : राष्ट्रपति पौडेल



काठमाडौं कार्तिक २७, अजरवैजान, राष्ट्रपति रामचन्द्र पौडेलले हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने कुरा ख्याल गर्न विश्व समुदायलाई आह्वान गरेका छन् । अजरवैजानको बाकु सहरमा यही कात्तिक २६ गतेदेखि सुरु भएको जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि पक्ष राष्ट्रहरुको २९ औं सम्मेलन (कोप-२९) मा विश्व नेताहरूको उच्च स्तरीय सत्रलाई मंगलबार सम्वोधन गर्दै राष्ट्रपति पौडेलले आह्वान गरेका हुन् ।

'हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने कुरा सबैले ख्याल गरौं, पर्वतीय मुलुकका सेता हिमाल काला पहाडमा परिणत हुने क्रमले ती मुलुकमा मात्र होइन तल्लो तटीय मुलुकहरूलाई संकटमा पुऱ्याउँछ भन्ने विश्वले बिर्सन हुन्न', राष्ट्रपति पौडेलले भने ।

पौडेलले हिमालदेखि समुद्रसम्मको एकीकृत र समष्टिगत अनुकूलन अवधारणालाई औपचारिक संवादको विषय बनाउन समेत सो सम्मेलनमा प्रस्ताव गरे । साथै, नेपालले यसै अवधारणामा आधारित भई सगरमाथा संवाद कार्यक्रम सञ्चालन गर्न लागेको उनले जानकारी दिए ।

राष्ट्रपति पौडेलले आफू जलवायु न्याय र क्षतिपूर्तिको आवाज लिएर यस सम्मेलनमा सहभागी हुन आएको बताउँदै भने, 'गोलाबारुदमा खर्च भइरहेको ठूलो स्रोतसाधन जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीरकण गर्दै मानव सभ्यताको बचाउमा उपयोग हुनुपर्दछ ।'

जलवायु परिवर्तनको मारबाट पृथ्वीनै संकटमा रहेको उनले बताए । विशेष गरी गरिब, अल्पविकसित, विकासशील तथा साना टापु मुलुकहरू यसको पीडाबाट बढी प्रभावित रहेको भनाइ थियो । 'नगन्य कार्बन उत्सर्जन गर्ने तर व्यापक नकारात्मक असर भोग्नुपर्ने विरोधाभासपूर्ण अवस्थाबाट नेपाल गुज्रिरहेको छ', राष्ट्रपति पौडेलले भने ।

नेपाल अहिले पनि जलवायुजन्य प्रकोपको आलो पीडामा रहेको बताए । हालैको बाढी पहिरो तथा हिमताल विष्फोटन लगायतका विपद्‌बाट सयौं मानिसको मृत्यु र अर्बौंको भौतिक क्षति भएको र त्यसको पुनर्लाभ र पुनःस्थापना अझ भइनसकेको राष्ट्रपति पौडेलले जानकारी दिए ।

'विश्व समुदायको हित र पृथ्वीको रक्षाको लागि नेपालले प्राकृतिक स्रोतसाधनको उपयोगमा अनुशासन कायम राख्दै कार्वन उत्सर्जन न्यूनीकरणको महत्वाकांक्षी एनडिसी योजना कार्यान्वयन गरिरहेका छौं, वन क्षेत्र बढाएका छौं, स्वच्छ ऊर्जा उत्पादन र आपूर्तिमा जोड दिएका छौं तथा अरु थुप्रै प्रयासहरु भएका छन्', राष्ट्रपति पौडेलले भने ।

उनले हाम्रा प्रयासका तुलनामा जलवायु परिवर्तनको असर व्यापक रहेकाले हाम्रासामु धेरै चुनौतीहरु छन् जसको सामाना गर्न हाम्रो क्षमताले नपुग्ने बताए । 'जलवायु अनुकूलन र उत्सर्जन न्यूनीकरणका लागि हामीले गरिबी निवारणमा छुट्याएको बजेट कटौती गर्नुपरेको छ, यसबाट हामीहरु झन अन्यायमा परेका छौं, यसका लागि प्रदूषकले प्रदूषणवापतको क्षतिपूर्ति तिर्नुपर्ने सिद्धान्त व्यवहारमा लागू गर्नुको साथै उत्सर्जन घटाउनु पनि पर्दछ', भन्ने कुरामा जोडदिए ।

जलवायु वित्त कोषहरूमा घोषणा गरिएको रकम अपुग त छँदैछ, घोषणा गरिएको रकम पनि जम्मा हुन नसक्नु, जम्मा भएको रकम पनि झन्झटिलो प्रक्रियाले गर्दा लक्षित समुदायमा सहज पहुँच हुन नसक्नु दुःखद् भएको बताएका थिए ।

'जलवायु जोखिममा परेका विकाशील राष्ट्रलाई दिने गरी स्थापना भएको हानिनोक्सानी कोषलाई छिटो सञ्चालनमा ल्याउन म आह्वान गर्दछु, हिमाल, स्वच्छ पानी र जैविक विविधताको संरक्षणमा योगदान गर्ने नेपालजस्तो मुलुकको योगदानको मूल्याङ्कन र सोको भुक्तानीमा जोड दिन चाहन्छु', राष्ट्रपति पौडेलले भने ।

जलवायु वित्तबाट सञ्चालन हुने कार्यक्रम अनुदानका रुपमा राज्यकोषमार्फत सञ्चालन गर्नु उपयुक्त हुने पौडेलको धारणा थियो । 'पेरिस सम्झौताको बाध्यकारी व्यवस्था र विकसित राष्ट्रको प्रतिवद्धता अनुरूप प्रविधि हस्तान्तरण र क्षमता विकासमा यथेष्ट अनुदान रकम प्रदान गरिनुपर्दछ' ।

जलवायु न्याय, समता र क्षमताका आधारमा जलवायु वित्तका नवीन साझा परिमाणात्मक लक्ष्य निर्धारण गर्न र पृथ्वीको औसत तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्न तथा हिमाली एवं अल्पविकसित मुलुकहरुलाई जलवायु न्याय एवं दिगो विकास सुनिश्चित गर्न सम्मेलनले ठोस प्रतिवद्धता गर्ने विश्वास व्यक्त गरे ।

सो सत्रमा अजरबैजानका राष्ट्रपति इलहाम अलियेफले स्वागत गरेका थिए भने संयुक्त राष्ट्र संघका महासचिव एन्टेरियो गुटरेसलगायत विश्वका विभिन्न राष्ट्रका राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरूले सम्वोधन गरेका थिए ।

# मधेशबाट कोप सम्मेलनमा प्रतिनिधि गएन



काठमाडौं कार्तिक २८, जलवायु परिवर्तनको चपेटामा रहेको मधेश प्रदेशबाट अजरवैजानको राजधानी बाकुमा सुरु भएको कोप सम्मेलनमा सहभागिता भएन ।
कोप सम्मेलनका लागि वन तथा वातावरण मन्त्रालयले एकजना प्रतिनिधि मनोनयन गरेर पठाउन मधेश सरकारको मुख्यमन्त्री कार्यालयलाई पत्र पठाएको थियो । तर, मुख्यमन्त्री कार्यलयले कुनै प्रक्रिया अघि नबढाउँदा यस्तो महत्वपूर्ण कार्यक्रममा सहभागिता हुन नसकेको हो ।
तिहारअघि एकजना प्रतिनिधिलाई आफ्नो खर्च व्यवस्थापन गरी पठाउन वन मन्त्रालयले पत्राचार गरेको थियो । तर, अन्तर्राष्ट्रियस्तरमा हुने कुनैपनि कार्यक्रममा सहभागिताको लागि मधेश सरकारले बजेट छुट्याएको छैन । यस कारण मुख्यमन्त्री कार्यालयले यसमा चाँसो नै देखाएन ।
मुख्यमन्त्री कार्यालयका प्रमुख सचिव लोकनाथ पौडेल सरकारलाई पत्र आएको तर प्रक्रिया अघि नबढेकाले सो विषयमा थप जानकारी नभएको बताए ।
मधेश सरकारको वन तथा वातावरण मन्त्रालयका सचिव उद्धवबहादुर घिमिरे कोपमा सहभागिताको लागि संघ सरकारले यसपटकदेखि प्रतिनिधि पठाउन पत्र पठाउनु सकारात्मक रहेको बताए ।
आफूले पत्र आएको विषयमा जानकारी भएपनि मधेश सरकारले त्यस्तो सम्मेलनहरुमा सहभागिताका लागि प्रतिनिधि पठाउन बजेट नछुट्याएकाले निजी खर्च तिरेर को जाने भन्ने अन्योलताले प्रक्रिया अघि नबढेको हुन सक्ने भनाइ छ ।
आगामी वर्षमा यस्ता कार्यक्रमको लागि बजेट विनियोजन गरेर सरकारले आफ्नो प्रतिनिधि सहभागी गराउँदा उपयुक्त हुने उनको सुझाव छ ।
मधेश सरकारका एक कर्मचारीले प्रमुख सचिवले चाँसो नदिँदा निजी खर्च तिरेर जाने इच्छुक प्रतिनिधि पनि त्यस्तो महत्वपूर्ण कार्यक्रममा सहभागिता हुन नसकेको गुनासो गरे ।
'मधेश प्रदेश जलवायु परिवर्तको चरमचपेटामा छ । आफ्नो निजी खर्चमा पनि प्रतिनिधि कोप सम्मेलनमा पुगेर यहाँको वस्तुस्थितिको बारे राख्न सक्थे । केही कुरा सिकेर आउन सक्थे । तर प्रमुख सचिवले त्यसमाथि ध्यानै दिनुभएन,' सरकारका ती कर्मचारीले भने ।
जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (यूएनएफसीसीसी)का पक्ष राष्ट्रहरूको सम्मेलन अर्थात कन्फरेन्स अफ पार्टिज (कोप)को २९औं सम्मेलन हिजो (नोभेम्बर ११) देखि २२ सम्म युरोपेली मुलुक अजरबैजानको राजधानी बाकुमा जारी रहेन छ ।

# कोप(२९ आयोजक नै भन्छन् : तेल र ग्यास ईश्वरका उपहार

२८ कात्तिक, काठमाडौं संयुक्त राष्ट्रसंघीय जलवायु सम्मेलन (कोप(२९) को आयोजक राष्ट्र अजरवैजानका राष्ट्रपति इल्हाम अलिएभले अनौंठो अभिव्यक्ति दिएका छन् । उनले जलवायु परिवर्तनका लागि मुख्य कारक मानिएको पेट्रोलियम पदार्थ तेल र ग्यास ईश्वरको उपहार भएको बताएका छन् ।



जलवायु सम्मेलनलाई सम्वोधन गर्दै अलिएभले देशको कार्वन उत्सर्जनको विषयमा सञ्चार माध्यमहरुमा प्रकाशित समाचारप्रति कटु आलोचना गर्दै त्यसलाई पश्चिमा फेक समाचारको उपमा दिँदै प्राकृतिक रुपमा जिवाश्म इन्धन भएका देशमाथि दोषारोपण गर्न नहुने जिकिर गरे । उनले कोप २९ अगाडि अजरबैजानलाई ब्ल्याकमेल तथा निन्दाको सिकार बनाइएको गुनासो पनि गरे।
साथै उनले आगामी दशकभित्रमा देशको ग्यास उत्पादनलाई एक तिहाइले बढाउने योजना पनि उनले सुनाउँदै विश्वव्यापी हरितगृह ग्यास उत्सजर्नमा आफ्नो मुलुकको हिस्स केवल ०.१ प्रतिशत मात्रै रहेको बताए ।
त्यस लगत्तै संयुक्त राष्ट्र संघका महासचिव एन्टोनिया गुटेर्रेसले सम्मेलनमा बोल्दै जिवाश्व इन्धनको प्रयोगलाई दोब्बर गर्नु बेतुकको काम भएको बताए ।
उनले भनेका छन्, 'स्वच्छ उर्जा क्रान्ति सुरु भैसकेको छ र यसलाई कुनै पनि सरकारले रोक्न सक्दैन ।'
विज्ञहरुले विश्वको ठूलो जलवायु सम्मेलन अजरवैजानमा आयोजना भएकोप्रति नै आपत्ति जनाइरहेका बेला त्यहाँका राष्ट्रपतिको अभिव्यक्ति सार्वजनिक भएको हो ।
अजरवैजानका पर्यावरण तथा प्राकृतिक स्रोत मन्त्री, जो २८ वर्षसम्म अजरवैजानको सरकारी ग्यास तथा तेल कम्पनी सोकारका कार्यकारी प्रमुख रहे, उनी नै अहिले जलवायु सम्मेलनका अध्यक्ष छन् ।
अजरवैजानका अधिकारीहरुले कोप(२९ सम्मेलनलाई आफ्नो देशका ग्यास तथा तेल कम्पनीहरुमा विदेशी लगानी वृद्धि गर्नका लागि उपयोग गरेको कतिपयको टिप्पणी छ ।

# कोप–२९ मा नेपालको सहभागिता र दिगो भविष्यको खोजी

दिगो र स्पष्ट रणनीतिक ढाँचाको अभावले नेपालको अन्तर्राष्ट्रिय उपस्थितिले हालसम्म अपेक्षाकृत सफलता पाउन सकिरहेको छैन । जलवायु परिवर्तन अहिलेको अवस्थामा संसारले सामना गरिरहेको सबैभन्दा ठूलो चुनौतीहरू मध्ये एक हो । औद्योगिकीकरणको चरम विस्तार, इन्धनको अत्यधिक प्रयोग र कृषि प्रणालीमा परिवर्तन जस्ता कारण पृथ्वीको तापक्रम हरेक वर्ष वृद्धि हुँदै आएको छ । नासा अन्तर्गतको गोडार्ड इन्स्टिच्युट फर स्पेस स्टडिजका वैज्ञानिकहरूले गरिरहेको तापक्रम विश्लेषण अनुसार सन् १८८० देखि हालसम्म पृथ्वीको औसत विश्वव्यापी तापक्रम कम्तीमा १.१ डिग्री सेल्सियस वृद्धि भएको छ । यो तापक्रम वृद्धि खासगरी सन् १९७५ पछि भएको हो, जसमा प्रति दशक लगभग ०.१५ देखि ०.२० डिग्री सेल्सियसको दरले तापक्रम बढ्दै गइरहेको छ ।



वैश्विक तापमान वृद्धिले विश्वव्यापी रूपमा प्राकृतिक प्रकोपहरू जस्तै बाढी, खडेरी, समुद्रको स्तरमा वृद्धि, तापक्रममा असामान्य वृद्धि र हिउँ पग्लने समस्या गम्भीर बन्दै गइरहेको छ । यी समस्याहरूले विभिन्न समुदाय र देशहरूलाई ठूलो आर्थिक, सामाजिक र वातावरणीय चुनौती सामना गर्न बाध्य बनाएको छ ।

यसर्थ यस संकटलाई सम्वोधन गर्नका लागि सन् १९९२ मा संयुक्त राष्ट्रसंघले पर्यावरणीय र जलवायु संरक्षणका लागि एक महत्वपूर्ण समझदारी कायम गरेको थियो, जसलाई संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन संरचना महासन्धि (यूएनएफसीसीसी) भनिन्छ । यस समझदारीको एउटा महत्वपूर्ण पहल भनेको, विश्वभरिका देशहरूले जलवायु परिवर्तनको प्रभावलाई कम गर्न र त्यसबाट जोगिनका लागि नियमित रूपमा छलफल गर्नु पनि हो ।

यसै उद्देश्यले यूएनएफसीसीसी अन्तर्गत वार्षिक सम्मेलनहरूको आयोजना गरिन्छ, जसलाई कन्फरेन्स अफ पार्टी (कोप) भनिन्छ । हरेक वर्ष जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण, अनुकूलन र हरित अर्थतन्त्रका रणनीतिहरूमा छलफल गर्न सयौं देशका प्रतिनिधिहरू यस सम्मेलनमा सहभागी हुन्छन् ।

कोप सम्मेलनहरूको मुख्य उद्देश्य भनेको हरित गृह ग्यासको उत्सर्जन कम गर्ने, जलवायु परिवर्तनका असरहरूलाई अनुकूलन गर्न रणनीतिहरू निर्माण गर्ने र संसारभरिका देशहरूलाई हरित, दिगो र वातावरणमैत्री अर्थतन्त्रतर्फ लैजानेतर्फ सहकार्य गर्नु हो । पहिलो कोप सम्मेलन सन् १९९५ मा जर्मनीको वर्लिनमा सम्पन्न भएको थियो । यस सम्मेलनमा १९७ सदस्य राष्ट्रहरूले सहभागिता जनाएका थिए । यसले विश्वभरिका राष्ट्रहरूलाई जलवायु परिवर्तन विरुद्धको साझा सहकार्यका लागि एक महत्वपूर्ण मञ्च उपलब्ध गरायो । वर्लिनमा सम्पन्न यो सम्मेलनले भविष्यका कोप सम्मेलनहरूको आधारभूत संरचना तयार गऱ्यो, जहाँ जलवायु परिवर्तनका मुद्दामा प्रभावकारी नीतिहरू लागू गर्ने सम्बन्धमा वार्ता भयो । त्यस ऐतिहासिक सम्मेलनले हरित गृह ग्यास उत्सर्जन घटाउने रणनीति निर्माणमा विश्वव्यापी सहकार्यलाई महत्व दिएको थियो ।

कोप सम्मेलनहरूमा कैयौं महत्वपूर्ण सम्झौता र प्रोटोकलहरू पारित भएका छन् । उदाहरणको लागि, सन् १९९७ मा सम्पन्न कोप थ्री (जापान) क्योटो प्रोटोकल पारित गरियो, जसले विकसित देशहरूलाई हरित गृह ग्यास उत्सर्जन घटाउन कानूनी रूपमा बाध्य बनायो । यस प्रोटोकलले जलवायु परिवर्तनको समस्यालाई सम्वोधन गर्न पहिलो ठोस कदमका रूपमा विकासोन्मुख राष्ट्रहरूको सहभागिता सहित कार्ययोजना लागू गऱ्यो ।

त्यस्तै, सन् २०१५ मा फ्रान्सको पेरिसमा सम्पन्न कोप(२१ ले पेरिस सम्झौताका रूपमा एक ऐतिहासिक सहमति कायम गऱ्यो, जसमा विश्व तापमान वृद्धिलाई १.५ डिग्री सेन्टिग्रेटभित्र सीमित राख्ने लक्ष्य लियो । यस सम्झौताले जलवायु परिवर्तनको जोखिमबाट प्रभावित देशहरूलाई सहयोग उपलब्ध गराउने प्रतिवद्धता समेत जनाएको थियो ।

यस्तै सन् २०२३ मा दुबईमा सम्पन्न कोप(२८ सम्मेलनले जलवायु परिवर्तनका कारण भएको हानि र क्षतिको समाधानका लागि लस एण्ड ड्यामेज फण्ड स्थापना गर्ने महत्वपूर्ण कार्यको पहल गऱ्यो । यो फण्डले जलवायु परिवर्तनले प्रत्यक्ष रूपमा प्रभावित भएका देशहरूलाई आर्थिक सहायता पुऱ्याउने उद्देश्य राख्छ । नेपालले यस कोषबाट हालसम्म लाभ भने लिन सकिरहेको छैन ।

आजको समयमा कोप सम्मेलनहरूले जलवायु परिवर्तनको चुनौती समाधान गर्न ठूलो भूमिका खेलिरहेको छ । यसले विश्वभरिका राष्ट्रहरूलाई एकसाथ भेला गराएर जलवायु परिवर्तन सम्बन्धी कार्ययोजनामा एकताको सन्देश दिन्छ र साझा जिम्मेवारीको मञ्च प्रदान गर्छ । नेपाल जस्ता साना र जलवायु परिवर्तनको उच्च जोखिममा रहेका देशहरूले कोप सम्मेलनहरूको माध्यमबाट अन्तर्राष्ट्रिय समुदायसँग सहयोगको अपेक्षा राख्दै आफ्ना मागहरू राख्न सक्छन् ।

नेपालले सन् १९९५ मा पहिलो कोप

सम्मेलनदेखि नै निरन्तर सहभागिता जनाउँदै आएको छ । हरेक वर्ष कोप सम्मेलनमा नेपालबाट उच्च सरकारी अधिकारीहरू, वातावरणविद् र जलवायु क्षेत्रमा काम गर्ने संघ(संस्थाका प्रतिनिधिहरू सहभागी हुन्छन् । नेपालका लागि जलवायु परिवर्तन एउटा ठूलो चुनौती बनेको छ, विशेषगरी हिमाली र पहाडी भू-भागको देश भएकाले यहाँका समुदायले जलवायु परिवर्तनका नकारात्मक असरहरू झन् झन् प्रत्यक्ष रूपमा महसुस गरिरहेका छन् । हिउँ पग्लने दर बढ्दै जानु, बाढीपहिरोको जोखिम बढ्नु, जलस्रोत घट्नु र कृषि उत्पादनमा गिरावट आउनु जस्ता समस्याले स्थानीय जनजीवनलाई गम्भीर असर पारिरहेको छ ।

यस मञ्चमा अनुकूलन र लस एण्ड ड्यामेज कोषको सुनिश्चितता, प्राविधिक साझेदारी र हरित विकास रणनीतिहरूका लागि नेपालले अन्य समान चुनौतीहरूको सामना गरिरहेका मुलुकहरूसँग सहकार्य गर्न आवश्यक छ ।

तर, नेपालले कोप सम्मेलनहरूमा यति लामो समयदेखिको सक्रिय उपस्थिति र प्रतिवद्धता देखाए तापनि प्रत्यक्ष रूपमा ठोस उपलब्धि हासिल गरेको भने गरेको देखिंदैन । कोप सम्मेलनहरूमा नेपालको सहभागिता देखावटी जस्तो भान हुने गरी मात्र भइरहेको छ । अझै पनि अन्तर्राष्ट्रिय सहायताको आशामा रहेका विकासोन्मुख राष्ट्रहरू, विशेषगरी नेपाल, कोप सम्मेलनहरूबाट वित्तीय सहयोग र प्राविधिक सहायता अधिक रूपमा प्राप्त गर्नमा असफल देखिन्छ । जलवायु परिवर्तनलाई सम्वोधन गर्न नेपालले अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो बलियो उपस्थिति त देखाएको छ तर प्रत्यक्ष लाभको हिसाबमा भने शून्यप्रायः देखिन्छ ।

नेपालले यस वर्ष पनि कोप(२९ सम्मेलनमा राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वमा भाग लिएको छ । राष्ट्रपतिको अगुवाइमा लगभग तीन दर्जन सरकारी अधिकारीहरूको टोलीले जलवायु परिवर्तन सम्बन्धी छलफलमा नेपालको प्रतिनिधित्व गरिरहेको छ । यस टोलीमा वन तथा वातावरण मन्त्रालयका उच्च अधिकारीहरू, जलवायु परिवर्तनमा काम गर्ने प्रतिनिधि र कुटनीतिककर्मीहरू रहेका छन् ।

नेपालले जलवायु परिवर्तनको असरलाई कम गर्न अन्तर्राष्ट्रियस्तरमा जलवायु न्याय र लस एण्ड ड्यामेज फण्डका लागि दबाब दिने रणनीति लिएको छ । हिमाली देश भएकाले जलवायु परिवर्तनका चुनौतीको सामना गर्न नेपालका मुद्दाहरूलाई प्रभावकारी रूपमा प्रस्तुत गर्ने यस टोलीको लक्ष्य रहेको छ, तर यस सहभागिताबाट ठोस उपलब्धि हासिल हुनेमा भने अझै चुनौती बाँकी छ ।

यस वर्ष नेपालले थप ठोस उपलब्धि हासिल गर्नेछ कि यो सहभागिता पनि कर्मकाण्डीका रूपमा सीमित हुनेछ भन्ने सवाललाई कोप २९ मा नेपालको कुटनीतिक र नीतिगत प्रयासले जवाफ दिन सक्छ ।

प्रत्येक वर्ष कोप सम्मेलनमा सहभागी हुने नेपाली सरकारी अधिकारीहरू र संघ( संस्थाका प्रतिनिधिहरूको भूमिका, उद्देश्य र क्षमतामा स्पष्टता नहुनु नेपालको लागि एउटा प्रमुख चुनौती बनिरहेको छ । सामान्यतया, नेपाली टोलीमा मन्त्रालयका उच्च अधिकारीहरू, प्राविधिक विशेषज्ञ र संघ(संस्थाका प्रतिनिधिहरू समावेश हुन्छन्, तर यिनीहरूको बीचमा जिम्मेवारी र समन्वय स्पष्ट देखिंदैन ।

यस मञ्चमा नेपालले जलवायु परिवर्तनको प्रभावलाई अन्तर्राष्ट्रिय समुदायमा प्रभावकारी ढंगले प्रस्तुत गर्न र अनुकूलन तथा सहायताका लागि दबाव स्पष्ट रूपमा कसैले राखेको पाइँदैन । त्यसैगरी, प्रतिनिधिहरूको बीचमा जलवायु परिवर्तनका जटिल मुद्दाहरूको गहिरो समझदारी नहुनु र समन्वयको अभावले उनीहरूको भूमिका औपचारिकता पूर्तिमा मात्र सीमित रहेको छ ।

आलोचकहरूको भनाइ मान्ने हो भने धेरैजसो नेपाली प्रतिनिधिहरूको प्राथमिकता जलवायु परिवर्तन सम्बन्धी ठोस मुद्दाहरू भन्दा अन्तर्राष्ट्रिय भ्रमण, अनुभव र निजी लाभमा केन्द्रित रहेको देखिन्छ । यो प्रवृत्तिले नेपालको आवाज अन्तर्राष्ट्रिय मञ्चमा प्रभावकारी रूपमा उठ्न सकेको छैन, जसले नेपालको लागि उपलब्ध सहकार्यका अवसरहरू गुम्न गएको देखिन्छ ।

अर्को समस्या भनेको, नेपालको जलवायु परिवर्तन सम्बन्धी नीति र आवश्यकताबारे उचित तयारी र समन्वयको अभाव हो । सम्मेलन अघि पर्याप्त योजना र रणनीतिक छलफल नगर्दा, अन्तर्राष्ट्रिय सहयोग र अनुकूलनका लागि आवश्यक वित्तीय तथा प्राविधिक सहायता प्राप्त गर्ने नेपालको प्रयास सँधै प्रभावहीन हुन्छ ।

नेपाल जस्ता विकासोन्मुख राष्ट्रहरूले जलवायु परिवर्तनबाट हुने हानि र क्षतिका लागि विशेष वित्तीय सहायताको अपेक्षा गरे पनि, कार्यक्षमताको कमिले यो अपेक्षा अझै पनि अधुरो देखिन्छ । यस्तोमा, कोप जस्ता महत्वपूर्ण सम्मेलनमा नेपालका प्रतिनिधिहरूको भूमिकामा सुधार र तयारीमा विशेष ध्यान दिनु आवश्यक छ ताकि जलवायु परिवर्तनको असरबाट पीडित समुदायको माग र अपेक्षाहरू अन्तर्राष्ट्रिय मञ्चमा प्रभावकारी ढंगले राख्न सकियोस् । कोप जस्ता विश्वव्यापी मञ्चहरूमा नेपालको हकहितलाई प्रवर्द्धन गर्ने मुख्य आवश्यकता जलवायु परिवर्तनका कारण नेपालमा परेको प्रत्यक्ष असरलाई प्रभावकारी ढंगले प्रस्तुत गर्नु हो । नेपाल हिमाली क्षेत्रको देश भएकाले यहाँ जलवायु परिवर्तनको असर अत्यन्तै भयावह छ । हिउँ पग्लने दर बढ्दै जानु, बाढीपहिरोको जोखिम उच्च हुनु, कृषिमा असर पर्नु र जलस्रोतहरू घट्दै जानु जस्ता समस्याहरू प्रत्यक्ष देखिएका छन् । यसले नेपालको आवश्यकता भनेको अन्तर्राष्ट्रिय अनुदान, प्राविधिक सहयोग र जलवायु वित्तीय सहायतामा पहुँचको सुनिश्चितता गर्नु हो । नेपालले जलवायु परिवर्तनका विषयमा आवाज उठाउन र सहायता प्राप्त गर्न ठोस कार्ययोजना, तथ्यहरूमा आधारित प्रमाण र दिगो रणनीति तयार गर्नुपर्ने देखिन्छ । यस्तो रणनीति प्रभावकारी कार्ययोजनाको रूपमा तयार गरी कोपमा राख्न सकेमा नेपालले अनुदान, प्राविधिक सहायता र वित्तीय स्रोतहरू जुटाउन सक्ने सम्भावना बढ्छ । तर, यस दिशामा नेपालले अझै पनि दीर्घकालीन दृष्टिकोणको विकास गरेको देखिँदैन ।

वास्तविक रणनीति भनेको अन्तर्राष्ट्रिय समुदायलाई नेपालको जलवायु जोखिम र क्षतिको दायरा बुझाउने, नेपालले भोगिरहेको चुनौंतीको सन्देश स्पष्ट रूपमा प्रवाह गर्ने र जोखिममा रहेका समुदायका लागि वित्तीय सहयोग जुटाउन अन्तर्राष्ट्रिय अनुदानदाताहरूको ध्यानाकर्षण गर्ने हो । साथै, यस मञ्चमा अनुकूलन र लस एण्ड ड्यामेज कोषको सुनिश्चितता, प्राविधिक साझेदारी र हरित विकास रणनीतिहरूका लागि नेपालले अन्य समान चुनौंतीहरूको सामना गरिरहेका मुलुकहरूसँग सहकार्य गर्न आवश्यक छ । तर, दिगो र स्पष्ट रणनीतिक ढाँचाको अभावले नेपालको अन्तर्राष्ट्रिय उपस्थितिले हालसम्म अपेक्षाकृत सफलता भने पाउन सकिरहेको छैन ।

स्रोत : नेपाली बीबीसी सेवा, अनलाईन खबर, र अन्तराष्ट्रिय समाचार एजेन्सीहरू एएफपी, रोयटर्स, द टेलिग्राफ, इण्डिया इकोनोमिक्स टाइम्स्

# आसन्न जलवायू संकटसँग जुध्न खर्बौं डलर आवश्यक

विकासशील देशहरूले स्वच्छ ऊर्जा प्रयोग गर्न थाल्न तथा जलवायुका कारण हुने परिवर्तनसँग अनुकूलन गर्न आफूलाई आर्थिक सहयोग चाहिने बताउने गरेका छन्

अजरवैजानको राजधानी बाकुमा संयुक्त राष्ट्रसंघले आयोजना गरेको यो वर्षको जलवायु सम्मेलन ‘सीओपी-२९’ लाई “जलवायु वित्त सीओपी” भनिँदै छ ।

यसले जलवायू संकटसँग जुध्नका लागि चाहिने आर्थिक कोषतर्फ संकेत गर्छ । स्वच्छ ऊर्जा अपनाउन अथवा जलवायू परिवर्तनले असर नपार्ने खालका संरचनाहरू बनाउन,



पूर्वचेतावनी जारी गर्ने प्रणाली स्थापना गर्न र सुख्खा सहन सक्ने बालीनालीका लागि ठूलो खर्च चाहिन्छ ।

धनी देशहरूले ‘ग्लोवल साउथ’ भनिने क्षेत्रका नराम्ररी प्रभावित देशहरूलाई आर्थिक सहयोग गर्ने नयाँ प्रतिवद्धता ‘न्यू कलेक्टिभ क्वान्टिफाइड गोल’ सम्मेलनको मुख्य उपलब्धिका रूपमा आउन सक्छ ।

जलवायु परिवर्तनका निम्ति उत्तरदायित्व वहन गर्ने विकसित देशहरूले पहिला वार्षिक १०० अर्ब डलर सहयोग गर्ने प्रतिवद्धता जनाएका थिए ।

यस पटक त्यो रकम खर्बौं डलर हुन सक्छ ।

कति रकम आवश्यक पर्छ

पैँतालीसवटा अल्पविकसित राष्ट्रहरूले सीओपीमा एउटा समूह बनाएर वार्ता गर्दै छन् । उक्त समूहले प्रतिकार्य योजना कार्यान्वयनका लागि सदस्य राष्ट्रहरूलाई सन् २०३० सम्म वर्षेनि १० खर्ब डलर आवश्यक पर्ने जनाएको छ ।

अर्कोतर्फ ५४ अफ्रिकी देशहरूको प्रतिनिधित्व गरिरहेको एउटा समूहले विकसित देशहरूले सन् २०३० सम्म १३ खर्ब डलर सहयोग गर्नुपर्ने जनाएको छ ।

जलवायु परिवर्तनः मान्छेकै कारण भइरहेको हो भन्ने कसरी थाहा पाउने ?

जलवायु परिवर्तनः नेट जिरो भनेको के हो र यो कसरी हासिल गर्न सकिन्छ

जलवायु वित्तबारे एउटा स्वतन्त्र उच्चस्तरीय विज्ञ समूहले गरेको अध्ययनले चीन बाहेक अन्य विकासशील देशहरूमा सन् २०३० सम्म वर्षेनि २४ खर्ब डलर जलवायुसँग सम्बन्धित क्षेत्रमा लगानी गर्नुपर्ने औँल्याएको छ ।

त्यसमा अन्तर्राष्ट्रिय जलवायु वित्त मात्र नभई आन्तरिक लगानी पनि हुने छ र त्यसअन्तर्गत प्रकृतिको संरक्षण तथा पुनर्स्थापनाका साथै नवीकरणीय ऊर्जा अपनाउने अनि जलवायू परिवर्तन अनुकूलनमा जाने कदम पर्छन् ।

अजरवैजानको राजधानी बाकुमा सीओपी( २९ जलवायु सम्मेलन चलिरहेको छ

उक्त समूहका अनुसार यो रकम अहिलेको भन्दा चार गुना बढी हो ।

संयुक्त राष्ट्र संघको एउटा प्रतिवेदनका अनुसार अनुकूलनमा जानका लागि विकासशील देशहरूलाई १८७ अर्ब डलरदेखि ३५९ अर्ब डलर आवश्यक पर्न सक्छ । यद्यपि सन् २०२२ सम्म उक्त प्रयोजनका निम्ति तिनले २८ अर्ब डलर मात्रै प्राप्त गरेको देखिन्छ ।

“जलवायु परिवर्तनका कारण विश्वले सामना गरिरहेको चुनौतीको स्तरलाई हेर्दा अहिलेको आर्थिक सहायता पर्याप्त छैन,” लण्डनमा अवस्थित अनुसन्धानमूलक संस्था इन्टरन्याश्नल इन्स्टिच्यूट फर इन्भाइरमन्ट एन्ड डिभेलप्मन्टका कार्यकारी निर्देशक टम मिशेल भन्छन् ।

“यो त वनमा लागेको डढेलो नियन्त्रण गर्नका लागि कपबाट पानी खन्याउनु जस्तै देखिन्छ,” ।

सगरमाथामा के जलवायु परिवर्तनका कारण जोखिम बढेको हो ?

सर्वोच्च शिखर सगरमाथा कति स्वस्थ ?

पन्ध्र वर्षअघि कोपेनहेगनमा आयोजित सम्मेलनमा धनी देशहरूले स्वच्छ ऊर्जा र अनुकूलनका लागि सन् २०२० बाट जलवायु वित्तका रूपमा १०० अर्ब डलर उपलब्ध गराउन सहमति जनाएका थिए ।

विकासशील देशहरू त्यो वाचा लगभग पूरा नभएको बताउँछन् र यसले राष्ट्र संघीय जलवायु वार्ताहरूप्रतिको विश्वासमा कमी ल्याउँदै छ ।

सन् २०१५ मा भएको प्यारिस सम्झौताका अनुसार हरितगृह ग्यासका प्रमुख ऐतिहासिक उत्सर्जक देशका रूपमा रहेका विकसित मुलुकहरूले विकासशील देशहरूलाई आर्थिक सहायता उपलब्ध गराउनुपर्छ ।

तर अहिले आएर विकसित देशहरूले तीव्र गतिमा आर्थिक विकास गरिरहेका चीन, अमेरिका र साउदी अरबजस्ता मुलुकले पनि गरिब देशहरूलाई सघाउनुपर्ने तर्क गरेका छन् । उनीहरूका अनुसार ती देश पनि प्रमुख कार्वन उत्सर्जकका रूपमा रहेका छन् ।

“जारी आर्थिक विकासको वास्तविकता र सामथ्यबीच योगदान पुर्‍याउने देशहरू थपिनु उचित हुन्छ,” संयुक्त राज्य अमेरिकाले भनेको छ ।

उच्च हरित ग्यास उत्सर्जक तथा आर्थिक सामर्थ्य भएका देशहरू सहायताका लागि अघि बढ्नुपर्ने कुरामा युरोपेली संघ ईयू पनि सहमत छ ।

तर राष्ट्र संघीय जलवायु सम्मेलनमा विकासशील राष्ट्रहरूको तर्फबाट एउटा महत्वपूर्ण समूहको रूपमा रहेको (जी(

सेभेन्टीसेभन) चीन त्यसको विपक्षमा छ । प्यारिस सम्झौता र सन् १९९२ को यूएन जलवायु महासन्धि दुबैका अनुसार विकसित देशहरूले आर्थिक भार बेहोर्नुपर्ने उल्लेख गर्दै सोही ढाँचाअनुरूप सीओपी वार्ताहरू हुने गरेको चीन बताउँछ ।

विश्व तापमान वृद्धि घटाउने लक्ष्य
के यो करदाताले तिरेको पैसा हो

खर्च हुने रकम हेर्दा सार्वजनिक वित्तबाट मात्र सम्भव नहुने भन्दै विकसित देशहरूले निजी क्षेत्रको पनि सहभागिता आवश्यक हुने बताएका छन् ।

निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुनेमा जलवायु वित्तसम्बन्धी स्वतन्त्र उच्चस्तरीय विज्ञ समूह पनि सहमत छ ।

उनीहरूका अनुसार सामान्यतया ऋणको रूपमा आउने अन्तर्राष्ट्रिय निजी सहायताहरू जलवायु परिवर्तनका असर न्यूनीकरणका लक्ष्य हासिल गर्नका लागि १५ गुनाले बढेर आउनुपर्ने हुन्छ ।

ग्रीनल्याण्डस्थित सेर्मेक ग्ल्यासिअरसहित विश्वभरिका हिमनदीहरू जलवायु परिवर्तनका कारण तीव्र गतिमा पग्लिन थालेका छन्

तर विकासशील राष्ट्रहरू जलवायु वित्तबाट अनुदान र सहुलियतपूर्ण दरमा ऋण दिनुपर्ने तर्क गर्छन् ।

"बजारको दरमा ऋण र निजी क्षेत्रलाई पनि बजारकै दरमा चुक्ता गर्नुपर्ने भए त्यो जलवायु सहायता हुन सक्दैन," जीसेभेन्टीसेभन चीन ब्लकले एउटा वक्तव्यमा भनेको छ ।

"बरु त्यसरी उल्टै विकासशील देशहरूबाट विकसित देशहरूमा पूँजी प्रवाह हुन्छ ।"

आईआईईडीले गरेको एउटा विश्लेषण अनुसार संयुक्त राष्ट्र संघले अल्पविकसित अथवा साना टापु राष्ट्रहरूमा वर्गीकरण गरेका ५८ वटा देशले जलवायु सहायता अन्तर्गत सन् २०२२ मा २८ अर्ब डलर पाएकामा ऋण भुक्तानीस्वरूप ५९ अर्ब डलर तिरेका छन् ।

जलवायु परिवर्तनसँग जोडिने खानेकुरासम्बन्धी भ्रमहरूको तथ्य जाँच
सन् २०५० मा हामी के खान्छौँ होला ?

विश्वको तापक्रम औद्योगिक क्रान्तिपूर्वको स्तरभन्दा १.२ डिग्री सेल्सिअसले माथि पुगिसकेको छ ।

तर जलवायु परिवर्तनको भयावह परिणाम भोग्नबाट जोगिने हो भने त्यो १.५ सेल्सिअसभन्दा माथि पुग्नु नहुने वैज्ञानिकहरूले बताउँदै आएका छन् । त्यो लक्ष्य हासिल गर्नका लागि देशहरूले हरित गृह ग्यास उत्सर्जनलाई सीमित पार्न आमूल कदमहरू चाल्नुपर्ने हुन्छ ।

स्पेनको भालेन्सियामा अकस्मात् बाढी आउँदा ठूलो क्षति पुगेको थियो ।

सन् २०३० सम्म सन् २०१९ को स्तरभन्दा ४२ प्रतिशतले हरित गृह ग्यास उत्सर्जन कटौती गर्नुपर्ने हिसाब गरिएको छ । तर जलवायु प्रतिकार्य योजनाअनुसार २.६ प्रतिशतले मात्र कटौती हुने छ ।

थप जलवायु वित्त नपाए आफूहरूले धेरै काम गर्न सक्ने अवस्था नरहेको विकासशील देशहरूले बताउने गरेका छन् ।

त्यही भएर जारी सम्मेलनमा 'न्यू कलेक्टिभ क्वान्टिफाइड गोल' मा हस्ताक्षर हुने अपेक्षा गरिएको छ ।

तर त्यहाँ कति रकमको प्रतिवद्धता जनाइने छ त ? त्यो चाहिँ निकै ठूलो कठिन प्रश्न हो ।

***स्रोत :*** नेपाली बीबीसी सेवा, अनलाईन खबर, र अन्तराष्ट्रिय समाचार एजेन्सीहरू एएफपी, रोयटर्स, द टेलिग्राफ, इण्डिया इकोनोमिक्स टाइम्स् ।

# बालीमा लाग्ने नयाँ रोग र समस्या पत्ता लगाउन कृषि मन्त्री आग्रह

नेपालगञ्ज, कार्तिक १३, कात्तिक । कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले कृषि वैज्ञानिक र प्राविधिकलाई बालीमा लाग्ने नयाँ रोग र समस्या पत्ता लगाउनतर्फ केन्द्रित हुन आग्रह गरेकाछन् । नेपाल कृषि अनुसन्धान परिषद् कृषि अनुसन्धान निर्देशनालय खजुराको निरीक्षण गर्दै उनले किसानसँग नजिक भएर उत्पादन वृद्धि गर्नेगरी काम गर्न निर्देशन दिए । मन्त्री अधिकारीले भने, "कृषि वैज्ञानिक र प्राविधिकहरु कृषि कर्म गर्ने किसानका अभिभावक हुन्, त्यसैले उहाँहरुसँग निरन्तर साक्षात्कार गर्नुहोस् र किसानलाई प्रविधिसँग जोड्न सहजीकरण गर्नुस् ।"



मन्त्री अधिकारीले कृषि विकासमा देखिएका थुप्रै समस्या सुधार गर्न प्रयास गरेको जानकारी दिँदै नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का समस्या चाँडोभन्दा चाँडो व्यवस्थापन गरिने उल्लेख गरे । नार्क आफैँमा ऐतिहासिक पृष्ठभूमि बोकेको संस्था भएर पनि लथालिङ्ग र विचलित अवस्थामा पुग्नु दुःखद भएको टिप्पणी गर्दै आत्मालोचना, आत्ममूल्याङ्कन र आत्मसमीक्षा गरेर आ(आफ्नो जिम्मेवारी कुशलतापूर्वक निभाउन कर्मचारीलाई आग्रह गरे ।

कृषि अनुसन्धान निर्देशनालय खजुराका निर्देशक डा.समीद अहमदले हाल दुई स्थान ठाकुरबाबा(३ मिर्चैया बर्दिया र शिवराज(३, सोनवर्षा कपिलवस्तुमा अनुसन्धान केन्द्र विस्तार गरिएको जानकारी दिए । निर्देशक अहमदका अनुसार आर्थिक वर्ष २०७९/८० देखि निर्देशनालयले लमही(२ केरुनिया दाङमा नार्क प्रविधि गाउँ सञ्चालन गरिएको छ । उनले जनशक्तिको चरम अभाव व्यहोरिरहेको जानकारी गराए ।

खजुरामा रहेको कोसेबाली अनुसन्धान कार्यक्रमको पनि मन्त्री अधिकारीले निरीक्षण गरे । कार्यक्रम संयोजक डा.अनिल पोखेलले कोशेबाली कार्यक्रमबारे जानकारी गराएका थिए । मन्त्री अधिकारीले नेपालगन्ज दुग्ध वितरण आयोजना कोहलपुरको पनि अवलोकन गरे । आयोजना प्रमुख दिलीप चौधरीले आयोजनाका बारेमा जानकारी गराएका थिए । उनले किसानको दूधको बक्यौताबारे जिज्ञासा राखेका थिए ।

# नेपालमा उत्पादन हुने कोसेबाली

कोसेबालीमा मुख्यतयाः मुसुरो, रहर, चना, भटमास, बोडी, मास, मुंग, गहत, केराउ, मस्याङ्ग, खेसरी पर्दछन्। यी बालीको करिब ३ लाख २० हजार हेक्टरमा खेती र २ लाख ७५ हजार मेट्रिक टन उत्पादन हुन्छ। कोसेबालीको सरदर उत्पादकत्व ८८२ के.जी./हे. छ। कोसेबाली मध्ये मुसुरो प्रमुख हो र यसले कोसेबालीको ६० प्रतिशत क्षेत्रफल ओगटेको छ। कोसेबालीमा १७-४० प्रतिशत प्रोटीन पाईन्छ र यिनलाई प्रोटीनको सस्तो स्रोत मानिन्छ। जरामा हुने गिर्खाले हावाबाट नाइट्रोजन (४०-३५४ के.जी./हे. प्रति वर्ष) स्थिरिकरण गरी माटोलाई मलिलो बनाउँछ। बाली सघनता, अन्तरबाली, बालीचक्रको लागि कोसेबालीको ठूलो भूमिका छ।

**चना :**

कुल ८ जातका चनाको विकास एवम् उन्मोचन भएका छन् जसमध्ये २०६५ सालमा तारा र अवरोधी नामका २ जात उन्मोचन गरिएका थिए।

श्रृंखलाका आधा दर्जन उत्कृष्ट उपजातहरू पनि पहिचान भएका छन्।

चनालाई एकल भन्दा आलस, रायो, तोरी जस्ता बालीसँग मिश्रित गरी लगाउँदा बढी राम्रो हुने पाइएको छ।

रोप्ने उपयुक्त समय कात्तिकको तेश्रो साता पाइएको छ। राम्रो उमार र बोट बृद्धिको लागि बीउलाई ढड्याएर रोप्न सिफारिस गरिएको छ। यसबाट ४१ प्रतिशतसम्म उब्जनी बढ्न सक्छ।



**मुसुरो :**

हालसम्म कुल १० जातका मुसुरो विकास एवं उन्मोचन भएकोमा २०६१ यता महेश्वर भारती, सगुन र शितल जस्ता ३ वटा जातहरू उन्मोचन गरिएका छन्।

- खजुरा २ जात पश्चिम पहाडमा मकै र धान बाली प्रणालीको लागि उत्कृष्ठ पाइएको छ।
- उन्मोचनको लागि प्राविधिक समितिले अनुजात (जिनोटाइप) ILL 7982, ILL 6829 सिफारिस

गरेको छ। ILL का दर्जनौं अनुजातहरू अध्ययन र छनौटको क्रममा छन्।

- मुसुरोका ओइलाउने, डढुवा र जरा सड्ने रोगहरू बढिरहेका छन्। तिनको समाधानका लागि अवरोधक तथा सहनशील जातहरूको विकास र छनौटमा काम भइरहेका छन् भने दर्जनौं जातहरू पहिचान भैसकेका छन्।

बिउलाई ०.०५ प्रतिसतको सोडियम मोलिब्डेटको घोलमा डुबाएर राइजोवियम ३ ग्राम/केजी बीउको दरले मलेर छर्दा जरामा नाइट्रोजन स्थिरिकरण गर्ने गीर्खा बढी आउने र उब्जनी पनि बढ्ने पाइएको छ।

लाइनका ६ वटा अनुजातले स्टाण्डर्ड चेक धनुषा भन्दा धेरै (४००-६०० केजी/हे.) उब्जनी दिए। त्यो भन्दा पनि अनुजातहरू ICCV95118, ICCV97104, ICCV04111 ले धनुषाले भन्दा दोब्बर उब्जनी क्रमशः ५.२, ४.५ र ४.५ टन/हे. दिएर अन्तिम छनौटमा पुगेका छन्।

तारा र अवरोधीले पनि कृषकको फिल्ड परीक्षणमा माथिको सरदर भन्दा धेरै क्रमशः २.० र १.९ टन/हे.दिए। ICCV श्रृंखलाका आधा दर्जन उपजात पहिचान भएका छन्।

**रहर :**

उपयुक्त जातको छनोट विकास र रोगहरू व्यवस्थापन सम्बन्धी अनुसन्धान केन्द्रित छ। ICPL, Acc ३ का धेरै अनुजात पहिचान भएका छन्। ICPL 95008 र वहार १ गृष्ममा र पुसा ९ र पुसा १४ (३ टन/हे.) वर्षा पछि रोप्न सिफारिस भएका छन्। ICPL छिटो पाक्ने, ओइले र स्टेरिलिटी मोजाइक भाइरस अवरोधक हो। अन्य यस्तै दुई उपजात पनि पहिचान भएका छन्।

Acc # 7675 ले मध्य पश्चिममा राम्रो उब्जनी (१.९ टन/हे.) दिएको छ।

**भटमास :**

हालसम्म भटमासका ८ वटा जातहरूको विकास गरी उन्मोचन समेत भै सकेका छन् जसमध्ये

विगत ५ वर्षमा पूजा (तराई, भित्री तराई, मध्य पहाडको लागी) र तरकारी भटमास १ (मध्य पहाड, उपत्यकाको लागी) उन्मोचन गरिएका छन्।

जातिय परीक्षणबाट केही अन्य उपजातहरू (Genotypes): IARS 87-1, PK-7394, F-778817, OCB-81, & PK-327 पनि खेतीको लागि उपयुक्त पाइएका छन्।

मकै भित्र भटमास लगाउदा मकै/कोदो पद्धतिको तुलनामा प्रति रोपनी थप रु १२५० आम्दानी गरी जम्मा रु.२००० प्रति रोपनी मुनाफा हुने देखिएको छ।

**मुङ :**

मुंगका उन्नत जातमा पुषा बैशाखी, प्रतिक्षा र कल्याण उन्मोचन भैसकेका छन्। यी जातहरू अगौटे हुनुको साथै धान-गहू-मुंग प्रणालीमा सुहाउँदा छन् र MYMV भाइरस अवरोधक छन्।

यी बाहेक VC-3960A, VC-6173C, VC- 6371-92 जस्ता रोग अवरोधक जातहरु उत्कृष्ट देखिएकाले सिफारिस हुने क्रममा छन्।

धान-गहुँ पद्धतिमा छोटो अवधिमा तयार हुने बाली मुङ गहुँ पछि खेती गरी थप आम्दानी र माटोको उर्वराशक्ति पनि बढाउन सकिन्छ।

**बोडी :**

हालसम्म बोडीका ३ जात (प्रकाश, आकाश र सूर्य) विकास एवं उन्मोचन भएका छन्। पछिल्लो जात सूर्यको २०६१ सालमा उन्मोचन भएको थियो। यो नाइजेरियाबाट आएको, उत्पादकत्व २.५ टन/हे., ७७ दिनमा पाक्ने र मध्य तथा पश्चिम तराई र बेशीको लागि सिफारिस गरिएको छ। यो हरियो कोसा र दाल दुबैको लागि उपयुक्त छ। खेतको आलीमा लगाउन पनि राम्रो पाइएको छ।

अन्य केही उपजातहरु जस्तो IT82D-787, IT86F-2062-5G छनोटको क्रममा छन्।
अनुजात IT86F-2089 तरकारीको लागि अतिनै राम्रो मानिन्छ र सिफारिसको क्रममा छ।
यसको खेती पोखरा क्षेत्रमा वसन्ते र वर्षे बालीको रुपमा गरिन्छ। उत्पादन ३००-४०० के.जी प्रति रोपनी छ। हरियो कोसाको तरकारी साह्रै स्वादिष्ठ र काठ नपस्ने हुनाले बजारमा माग ज्यादै छ।
वसन्ते खेतीमा रोग भन्दा कीरा (लाही, पतेरो, सेतोभिँगा, कोसाको गवारो) को प्रकोप बढि पाइएको छ। अत: बिरुवाको सानै अवस्थादेखि अन्तिमसम्म यी कीराहरूबाट बाली बचाउन थायोडान ३५ ई.सि.२ मि.लि.प्रति लिटर पानीमा मिसाई पुरै बोट भिज्ने गरि छर्नु पर्दछ।
यसरी औषधी छरेपछि १० दिनसम्म बाली टिप्नु वा वस्तु भाउलाई ख्वाउनु हुँदैन।

**मास :**

मध्य पहाडी क्षेत्रमा लगाइने स्थानीय जात बाह्रबिसे लोकल मोटो दाना भएको, राम्रो पाक्ने, किसानले मन पराएका र एक हेक्टरमा १.२ टनसम्म फल्ने पाइएकोले त्यसैलाई बढाउन सिफारिस गरिएको छ।

**राजमा :**

राजमाको खेती नेपालमा भर्खरै शुरु भएको हो। तर यसको विस्तार निकै तिव्र गतीमा भईरहेको छ। त्यसैले सुहाउँदा जातहरूको विकास गर्ने क्रममा PB-0001, PB-0002, PDR-14 र PB-0048 जस्ता जेनोटाइपहरू छोटो अवधिमा पाक्ने, धेरै उब्जनी दिने, अल्टर्नेरिया रोग अवरोधक र धान पछि लगाउन उपयुक्त पाइएका छन्।
 राजमा लगाउने उपयुक्त समय अगौटे धान काटेपछि कार्तिकको तेस्रो हप्ता हो। बिउलाई १२ घण्टा ढड्याएर रोप्दा २६ प्रतिशत उब्जनी बढेर २.९ टन प्रति हेक्टरसम्म पुगेको पाइएको छ।
उब्जनी बढाउनको लागी बिउ उपचार गरी रोप्ने र पछि वेभिस्टिन २ ग्राम प्रति लिटर पानीमा घोलेर छर्न पनि सिफारिस गरिएको छ।

**मस्याङ् :**

नेपालको पहाडी भू-भागमा परम्परादेखि नै खेती गरिदै आएको मस्याङ्को अनुसन्धान केही वर्ष अगाडि देखि नेपाल र भारतमा संयुक्त रुपमा शुरु गरिएको छ। नेपालका विभिन्न भागमा
सर्वेक्षण गरी विभिन्न किसिमका स्थानीय जातहरूको विशेषता अध्ययन, पौष्टिक तत्वको विश्लेषण, स्थानीय ज्ञानको अभिलेखीकरण र राम्रा जातको छनौट गर्ने कार्यक्रमहरू सञ्चालन
भईरहेका छन्।
पहाडी बाली अनुसन्धान कार्यक्रमले गरेको अनुसन्धान नतिजा अनुसार एक्सेसन LRGR-99, LRGR-111, NPGR-00194, NPGR-05420 मध्यपहाडको लागि उत्कृष्ट पाइएका छन्।

**खेसरी :**

यस बालीको मुख्य समस्या भनेको विषाक्त (ODAP/ toxin) कम भएका जातको पहिचान गरी
खेतीको लागि सिफारिस गरेकाले बाहिरबाट ल्याइएको जिनोटाइप CLIMA Pink मा त्यस्तो गुण पाइएको अध्ययनले देखाएको छ र यसले उब्जनी पनि बढी दिएको छ।
सिराहा लोकल (१.३ टन) भन्दा कम ODAP (२६ देखि ३८ प्र.श.) भएका जातहरूले झन् धेरै
उब्जनी (१.५-१.६ टन/हे.) दिने पाइएका छन्।

---

**खाद्या गुन** .......
महर्जनले चाँडवाडको समयमा नेपालगन्जका स्थानीय व्यापारीले व्यवसायीक प्रयोजनका लागि भारतबाट पैठारी गरी भन्सार नाकामा ल्याइएको ८५,००० के. जी. चामल नेपालगञ्ज एकीकृत जाँच चौकी स्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अन्तर्गतको खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय, नेपालगञ्जले परिक्षण गर्दा क्षतिग्रस्त दानाको मात्रा अत्याधिक बढि भई नेपाल सरकारले चामलको लागि तोकेको अनिवार्य मापदण्ड बमोजिम न्यूनस्तर पाइएकोले आयात गर्न नमिल्ने भनि नेपालगन्ज भन्सार कार्यालयलाई प्रतिवेदन पठाएकोले उक्त न्यूनस्तर चामलको कन्साइन्मेन्ट निर्यात गर्ने देशमै फिर्ता गरेको प्रेस नोटमार्फत जानकारी गरिएको छ।
साथै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अन्तर्गत भन्सार नाकास्थित १२ वटा खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयहरुः काँकडभित्ता, रानी विराटनगर, जलेश्वर, बीरगञ्ज, बेलहिया भैरवा, कृष्णनगर, नेपालगञ्ज, धनगढी, गाचौकी महेन्द्रनगर, तातोपानी, टिमुरे, रसुवा र त्रिभुवन अन्तर्राष्टिूय विमानस्थल काठमाडौंका प्रयोगशालाहरुबाट भन्सार विन्दुमै खाद्य पदार्थहरुको गुणस्तर परीक्षण तथा नियमन कार्य नियमित रुपमा गर्दै आईरहेको छ।
खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८९ को दफा १३ को उपदफा (१) बमोजिम खाद्य पदार्थको पैठारी गर्न चाहने खाद्य व्यवसायीले खाद्य पदार्थ पैठारी गर्नुअघि विभाग वा विभागले तोकेको कार्यालयबाट स्वीकृति लिनुपर्ने र उपदफा (२) बमोजिम खाद्य पदार्थ पैठारी गर्नुअघि विभाग वा
विभागले तोकेको कार्यालयबाट प्रवेश अनुमति लिनुपर्ने अनिवार्य व्यवस्था गरेको छ। सो बमोजिम नगरेमा ऐन बमोजिम कारवाही हुने व्यहोरा खाद्य पदार्थ पैठारी गर्ने सम्पूर्ण खाद्य व्यवसायीहरुलाई जानकारी गराईन्छ।

---

**सफल कृषि उद्यमी** .........स्थानीय मदिरा उत्पादन गरेकी थिएँ। पछि कृषि क्षेत्रमा आवद्ध भएकी हुँ।"
आम्दानीका लागि महिलालाई पुरुषको सहयोग चाहिन्छ भन्ने कुरालाई चुनौती दिँदै आफू सफल महिला उद्यमी बनेको क्षेत्रीको भनाइ छ। अधिकांश समय फार्ममा व्यस्त देखिने क्षेत्री राजनीतिमासमेत सक्रिय छिन्। नेपाल समाजवादी पार्टीको केन्द्रीय सदस्य तथा गण्डकी प्रदेशको महिला विभाग प्रमुखसमेत रहेकी क्षेत्री, महिला स्वास्थ्य स्वयंसेविकाका रुपमा पनि काम गर्दै आएकाछन्। "पार्टीको कार्यक्रम परेमा अन्य जिल्लामा समेत जाने गरेकी छु। कार्यक्रम नपर्दा फार्मको रेखदेखमा समय बिताउछु", उनले भनिन्।
आँट, समयको व्यवस्थापन र मेहनतका साथ आफ्नो कामलाई निरन्तरता दिने हो भने सफल भइने क्षेत्रीको बुझाइ छ। कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलगायत संस्थाबाट प्राविधिक तथा अन्य तालिम र सहयोग प्राप्त गरेको उनले जानकारी दिईन्।
स्वदेशमा रहेर व्यावसायिक रुपमा कृषि पेसा गर्नेहरुलाई तीनै तहका सरकारले अनुदान, बजारीकरण र प्राविधिक सहयोग, तालिमलगायत व्यवस्थापन गरेका युवा पुस्ताको बढ्दो विदेश पलायन रोक्न सकिने क्षेत्रीले विश्वास व्यक्त गरिन्।

# चिया तथा कफीको विकासमा अपेक्षकृत उपलब्धी

काठमाडौं कार्तिक ३०, कफी उत्पादक किसान, इस्टेट, प्रशोधक, बिक्रेता, कफी उपभोक्ता र कफीलाई माया गर्ने सबै नेपालीहरूको उत्सवको रूपमा रहेको "राष्ट्रिय कफी दिवस"को २० औं संस्करण राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, केन्द्रीय कफी सहकारी संघ तथा नेपाल कफी व्यवसायी महासंघको संयुक्त आयोजना तथा कफीसँग सम्बन्धित सरोकारवालाहरुको सहकार्य एवम उपस्थितिमा विविध कार्यक्रमको आयोजना गरी सञ्चालन हुन गइरहेको छ ।

विश्वभर लोकप्रिय पेयपदार्थको रुपमा रहेको कफी रोपणले नेपालमा पनि लगभग ८६ वर्षको इतिहास बनाईसकेको छ । वि.सं. १९९५ सालमा हिरा गिरीले वर्माबाट ल्याएको कफीको बीउ गुल्मीको आँपचौरमा रोपण गरे पश्चात नेपालमा कफी खेती सुरूवात भएको मानिन्छ । प्रारम्भमा किसानहरुको करेसाबारीमा २/४ बोट रोपण गरि घरेलु प्रशोधन वा प्रशोधन नै नगरी प्रयोजनविहिन छोडिएका कफीका बिरुवाहरु सोही अवस्थामा नै केही वर्षसम्म गुज्रीए । किसानहरुको सीमित प्रयत्न र ज्ञान तथा प्रविधिको अभावका कारण नेपालमा कफीको व्यवसायिकता लामो समयसम्म हुन सकेन । परिणामतः आजका दिन सम्म पनि नेपाली कफी उद्योगले अपेक्षा र माग बमोजिमको उत्पादन परिमाणको न्यून् अंशलाई पनि सम्वोधन गर्न सकेको छैन । कफी रोपण एवम् क्षेत्र विस्तारलाई अभियानकै रुपमा देशव्यापी बनाउन सकेमात्र उत्पादन वृद्धि गर्दै आन्तरिक उपभोग तथा अन्तराष्ट्रिय निर्यात व्यापारमा नेपाली कफी स्थापित हुन सक्छ । अर्को तर्फ हामीले शुरु देखिनै रोपण गरेको कफी अरविका जातको हो । आज विश्व कफी मञ्चलाई अध्ययन गर्दा देखिने तथ्य के हो भने अरविका कफी, पारखीहरूको पहिलो रोजाई. उपभोक्ताहरुले सबैभन्दा बढी सेवन गर्ने र कुल विश्व उत्पादनको झण्डै पचहत्तर प्रतिशत परिमाणको वर्चस्व रहेको कफीको जात हो । प्रकृति प्रद्दत चिसो हावापानी र उच्च पहाडी भु(भागमा रोपण गरिदै आएको नेपाली अराविका कफी स्वभावैले अर्गानिक हुने कुरामा हामी विश्वस्त समेत छौं । तसर्थ राष्ट्रिय चिया तथा कफी विकास वोर्डले उच्च गुणस्तर सहितको अर्गानिक अराविका कफीको व्यवसायिक उत्पादनमा जोड दिनुपर्ने बस्तुगत अवस्थालाई हृदयगंम गरेको छ । यसै पृष्ठभूमिमा २० औं राष्ट्रिय कफी दिवसको तपसिलको नारा र यसको व्यवहारिक सार्थकतामा हामी सचेत छौं । मात्रात्मक रूपमा थोरै उत्पादन भए पनि नेपाली कफीले स्वाद र गुणस्तरका हिसाबले विश्वका उत्कृष्ट कफीहरुसँग समतुल्य स्थान बनाउन सफल हुनु हामी सबैको लागि गौरवको कुरा हो । स्पेसियालिटी कफीको रूपमा नाम कमाइसकेको नेपाली कफीको माग स्वदेश तथा विदेशमा उच्च रहेको छ । यहि सेप्टेम्बर ९(१२ सम्म वेलायतको लण्डनमा भएको अन्तर्राष्ट्रिय कफी परिषद्को १३८ औं बैठकका क्रममा नेपालले सञ्चालन गरेको कफी टेस्टीङ्गमा विश्व कफीका हस्ति राष्ट्रहरु लगायत उपस्थित ५० भन्दा बढी राष्ट्रको सरकारी पदाधिकारी, कफी विज्ञ एवम प्रतिनिधिहरु तथा अन्तर्राष्ट्रिय कफी संगठनबाट नेपाली कफीको स्वाद र गुणस्तरका विषयमा पाएको प्रशंसाले व्यवसायिक कफी उत्पादन गरिरहेका अन्य राष्ट्रहरुको दाँजोमा नेपाली स्पेशियालटी कफी विश्वस्तरीय छ भन्ने कुरा पुनःप्रमाणित गरेको छ ।



केहि वर्ष अघिसम्म कुलिन वर्गको मात्र पेय पदार्थको रूपमा लिइने कफी आज हरेक भान्साको सोभा बनिसकेको छ । विशेषगरी शहरी क्षेत्रमा बढ्दो कफी संस्कृतिले गर्दा कफीको आन्तरिक बजारमा पनि व्यापक वृद्धी भएको देखिन्छ । तर माग अनुसार आपूर्ती नहुँदा विगत केही वर्ष कफीको आयात बढेको पृष्ठभुमिमा पछिल्ला २/३ वर्षहरुमा न्यून मात्रामै भएता पनि आयातको परिमाण घटाउँदै निर्यात व्यापारमा मसिनो आशाको किरण पलाएको छ ।

भन्सार विभागको आ.व. २०७९/०८० को तथ्याङ्क अनुसार १३ करोड ४ लाख बराबरको ७७.८६ मे. टन कफी निर्यात हुँदा ३२ करोड ५८ लाख बराबरको ४५० मे.टन कफी आयात भएको थियो । आ.व. २०८०/०८१ मा १४ करोड ९२ लाख वरावरको ८९ मेट्रिक टन कफी निर्यात हुँदा रु.४१ करोड ९८ लाख बरावरको ४४३ मेट्रिक टन कफी आयात भएको तथ्याङ्क छ । आ.व. २०८०/८१ मा नेपालभर ५०१.३ मे.टन ग्रीनवीन कफी उत्पादन भएको छ र जम्मा ६५४ हेक्टरमा नयाँ रोपण भएको छ । हाल सम्मको तथ्याङ्कलाई हेर्ने हो भने जम्मा ४३०९ हेक्टरमा कफी खेति विस्तार भएको छ । कुल उत्पादनको झण्डै १७ प्रतिशत कफी विदेश निर्यात भएको देखिन्छ । नेपाली कफीले अन्तर्राष्ट्रिय बजारमा स्वाद र गुणस्तरको हिसाबले अन्य राष्ट्रको भन्दा बढी मूल्य प्राप्त गर्दै आएको छ । नेपाली कफी निर्यात हुँदा सरदर प्रतिकेजी १६ अमेरिकी डलर प्राप्त गर्दै आएको छ । आयात मूल्यको तुलनामा झण्डै ३ गुणा बढी मूल्यमा नेपाली कफी निर्यात हुँदै आएको छ । अन्तर्राष्ट्रिय कफी संगठन (आईसीओ)को विशेष सहयोगमा बोर्डले सञ्चालन गरेको अनुगमन/निरीक्षणबाट पनि आन्तरिक बजारमा प्रत्येक वर्ष न्यूनतम् २२०० मेट्रिक टन भन्दा बढी कफी खपत भइरहेको र

दिनप्रतिदिन उच्च रुपमा माग बढेको देखाउँछ भने आन्तरिक उत्पादनले १ महिना पनि नेपालको माग धान्न नसकेको अवस्था छ । दिनानुदिन कफी सेवनकर्ताहरुको माग बढ्नु र युवाहरुको प्राथमिकतामा परेको कफी क्याफे तथा आउटलेट स्थापनाले गर्दा कफीको माग बढ्दै गइरहेको हुनाले पनि आन्तरिक माग पूर्तीका लागि कफीको रोपण तथा उत्पादन वृद्धिमा सबैको ध्यान पुग्नु पर्ने देखिन्छ ।

समग्र कफी क्षेत्रको प्रवर्द्धन र संरक्षण गर्दै कफी क्षेत्रमा युवा पुस्ताहरूलाई आकर्षण गरी सीमित क्षेत्रमा गरिदै आएको कफी खेतीलाई कफी इस्टेटमा रुपान्तरण गर्न सकेमा मात्रै व्यवसायिक उत्पादन र आत्मनिर्भर बन्न सकिने तथ्यलाई बोर्डले प्रमुखताका साथ अगाडि बढाएको छ । २० औं राष्ट्रिय कफी दिवस मनाईरहदा कफी क्षेत्रमा व्यापक रुपान्तरणको लागि संरक्षण र प्रवद्धनका कार्यक्रमहरु मार्फत ठूला व्यवसायिक फार्महरु स्थापनाका लागि लगानीकर्ताहरु भित्राउन जरुरी देखिन्छ । खासगरी कफी मूल्य श्रृँखलाहरुलाई दिगो रुपमा अगाडि बढाउन युवा तथा महिलाहरुको सहभागिता अझ सशक्त देखिन्छ । बोर्ड अध्यक्ष एवम् माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री रामनाथ अधिकारीले जारी गर्नु भएको शुभकामना सन्देशमा पनि सोही आशय अनुकुल स्वदेश तथा विदेशमा उच्च माग रहेको नेपाली कफीको व्यवसायिक उत्पादनमा सार्वजनिक निजी क्षेत्रलाई थप लगानी गर्न आव्हान गर्नु भएको छ । न्यून् स्रोत साधनका बाबजुत व्यवसायिक कफी उत्पादन बढाउन बोर्डले प्रमुखताका साथ विभिन्न कार्यक्रमहरुको शुरुवात गरेको छ र भविश्यमा अराविका कफीको क्षेत्र विस्तार, उत्पादकत्व अभिवृद्धि, मूल्य श्रृँखला विकास तथा मूल्य अभिवृद्धि, गुणस्तरीय उत्पादनका लागि असल कृषि अभ्यास तथा प्राङ्गारिक प्रमाणीकरण तथा निर्यात तथा आन्तरिक बजार प्रवर्द्धन जस्ता कार्यलाई योजनावद्ध रूपले समन्वयात्मक रूपमा लगिनेछ । साथै कफी क्षेत्रको विकास तथा विस्तारका लागि बोर्डले तिनै तहका सरकारको विचमा एकीकृत कार्यक्रम तर्जुमा गर्दै बोर्ड तथा संघीय सरकार, नेपाली कफीको स्वाद र गुणस्तरका विषयमा पाएको प्रशंसाले व्यवसायिक कफी उत्पादन गरिरहेका अन्य राष्ट्रहरुको दाँजोमा नेपाली स्पेशियालटी कफी विश्वस्तरीय छ भन्ने कुरा पुनःप्रमाणित गरेको छ ।

केही वर्ष अघिसम्म कुलिन वर्गको मात्र पेय पदार्थको रूपमा लिइने कफी आज हरेक भान्साको सोभा बनिसकेको छ । विशेषगरी शहरी क्षेत्रमा बढ्दो कफी संस्कृतिले गर्दा कफीको आन्तरिक बजारमा पनि व्यापक वृद्धी भएको देखिन्छ । तर माग अनुसार आपुर्ती नहुँदा विगत केही वर्ष कफीको आयात बढेको पृष्ठभुमिमा पछिल्ला २/३ वर्षहरुमा न्यून् मात्रामै भएता पनि आयातको परिमाण घटाउँदै निर्यात व्यापारमा मसिनो आशाको किरण पलाएको छ ।

भन्सार विभागको आ.व. २०७९/०८० को तथ्याङ्क अनुसार १३ करोड ४ लाख बराबरको ७७.८६ मे. टन कफी निर्यात हुँदा ३२ करोड ५८ लाख बराबरको ४५० मे.टन कफी आयात भएको थियो । आ.व. २०८०/०८१ मा १४ करोड ९२ लाख बरावरको ८९ मेट्रिक टन कफी निर्यात हुँदा रु.४१ करोड ९८ लाख बरावरको ४४३ मेट्रिक टन कफी आयात भएको तथ्याङ्क छ । आ.व. २०८०/८१ मा नेपालभर ५०१.३ मे.टन ग्रीनवीन कफी उत्पादन भएको छ र जम्मा ६५४ हेक्टरमा नयाँ रोपण भएको छ । हाल सम्मको तथ्याङ्कलाई हेर्ने हो भने जम्मा ४३०९ हेक्टरमा कफी खेति विस्तार भएको छ । कुल उत्पादनको झण्डै १७ प्रतिशत कफी विदेश निर्यात भएको देखिन्छ । नेपाली कफीले अन्तर्राष्ट्रिय बजारमा स्वाद र गुणस्तरको हिसाबले अन्य राष्ट्रको भन्दा बढी मूल्य प्राप्त गर्दै आएको छ । नेपाली कफी निर्यात हुँदा सरदर प्रतिकेजी १६ अमेरिकी डलर प्राप्त गर्दै आएको छ । आयात् मूल्यको तुलनामा झण्डै ३ गुणा बढी मुल्यमा नेपाली कफी निर्यात हुँदै आएको छ । अन्तर्राष्ट्रिय कफी संगठन आईसीओ को विशेष सहयोगमा बोर्डले सञ्चालन गरेको अनुगमन/निरीक्षणबाट पनि आन्तरिक बजारमा प्रत्येक वर्ष न्यूनतम् २२०० मेट्रिक टन भन्दा बढी कफी खपत भइरहेको र दिनप्रतिदिन उच्च रुपमा माग बढेको देखाउँछ भने आन्तरिक उत्पादनले १ महिना पनि नेपालको माग धान्न नसकेको अवस्था छ । दिनानुदिन कफी सेवनकर्ताहरुको माग बढ्नु र युवाहरुको प्राथमिकतामा परेको कफी क्याफे तथा आउटलेट स्थापनाले गर्दा कफीको माग बढ्दै गइरहेको हुनाले पनि आन्तरिक माग पूर्तीका लागि कफीको रोपण तथा उत्पादन वृद्धिमा सबैको ध्यान पुग्नु पर्ने देखिन्छ ।

समग्र कफी क्षेत्रको प्रवर्द्धन र संरक्षण गर्दै कफी क्षेत्रमा युवा पुस्ताहरूलाई आकर्षण गरी सिमित क्षेत्रमा गरिदै आएको कफी खेतीलाई कफी इस्टेटमा रुपान्तरण गर्न सकेमा मात्रै व्यवसायिक उत्पादन र आत्मनिर्भर बन्न सकिने तथ्यलाई बोर्डले प्रमुखताका साथ अगाडि बढाएको छ । २० औं राष्ट्रिय कफी दिवस मनाईरहँदा कफी क्षेत्रमा व्यापक रुपान्तरणको लागि संरक्षण र प्रवर्द्धनका कार्यक्रमहरु मार्फत ठूला व्यवसायिक फार्महरु स्थापनाका लागि लगानीकर्ताहरु भित्र्याउन जरुरी देखिन्छ । खासगरी कफी मूल्य श्रृँखलाहरुलाई दिगो रुपमा अगाडी बढाउन युवा तथा महिलाहरुको सहभागिता अझ सशक्त देखिन्छ । बोर्ड अध्यक्ष एवम माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री रामनाथ अधिकारीले जारी गर्नु भएको शुभकामना सन्देशमा पनि सोही आशय अनुकुल स्वदेश तथा विदेशमा उच्च माग रहेको नेपाली कफीको व्यवसायिक उत्पादनमा सार्वजनिक निजी क्षेत्रलाई थप लगानी गर्न आव्हान गर्नु भएको छ । न्यून् स्रोत साधनका बाबजुद व्यवसायिक कफी उत्पादन बढाउन बोर्डले प्रमुखताका साथ विभिन्न कार्यक्रमहरुको शुरुवात गरेको छ र भविष्यमा अराविका कफीको क्षेत्र विस्तार, उत्पादकत्व अभिवृद्धि, मूल्य श्रृँखला विकास तथा मूल्य अभिवृद्धि, गुणस्तरीय उत्पादनका लागि असल कृषि अभ्यास तथा प्राङ्गारिक प्रमाणीकरण तथा निर्यात तथा आन्तरिक बजार प्रवर्द्धन जस्ता कार्यलाई योजनावद्ध रूपले समन्वयात्मक रूपमा लगिनेछ । साथै कफी क्षेत्रको विकास तथा विस्तारका लागि बोर्डले तिनै तहका सरकारको विचमा एकीकृत कार्यक्रम तर्जुमा गर्दै बोर्ड तथा संघीय सरकारले कफी क्षेत्रको नीतिगत सुधार, गुणस्तर अभिवृद्धि, आन्तरिक बजार तथा निर्यात प्रवर्द्धनमा थप सशक्त ढंगले अगाडि बढ्ने समेत जानकारी गराउँदछौ ।

बोर्डले आ.व. २०६१/०६२ देखिनै सरोकारवालाहरुसँगको सहकार्य तथा उपस्थितिमा आन्तरिक बजारको विकासका लागि कफीको न्युनतम् सहमत मूल्य निर्धारण एवम् त्यसको उच्चतम् कार्यान्वयन गर्ने/गराउँदै आएको अनुरोध गर्दै यस आ.व. २०८१/८२ का लागि प्राविधिक समितिले गरेको अध्ययन एवम् सिफारिश समेतका आधारमा विभिन्न कच्चा कफीको न्युनतम् सहमत मूल्य कायम गरेको छ ।

आ.व. २०८१/०८२ को लागि कफीको न्यूनतम् सहमत मूल्य

२०८१ मंसिर १ गते देखि लागु हुनेगरी यस वर्षको कच्चा कफीको मूल्य निम्नानुसार तोकिएको छ ।
फ्रेस चेरी कफी
ग्रेड रू.१०५ ।( प्रति केजी (नोटः( ८००

“नेपालको कफी अर्गानिक अराविका, गुणस्तरीय उत्पादन वृद्धिमा हाम्रो प्रतिवद्धता''

फ्रेस चेरी :

| क.सं. | २०७२/२०७३, २०७४/२०७५, २०७६/२०७७, २०७८/२०७९, २०८०/२०८१ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ८३ | | ८३ | ८५ | ८५ | ९० | ९५ | १०० | १०५ | |
| | | | | फ्रेश चेरी बी | | | | | | |
| | ७५ | ७८ | ७८ | ८० | ७५ | ५० | ५० | ८५ | ९० | ९५ |
| | | | | पार्चमेन्ट बी | | | | | | |
| | ४०० | ४१५ | ४२५ | ४२५ | ४५० | ४५० | ४७५ | ५०० | ५३५ | |
| | | | | पार्चमेन्ट बी | | | | | | |
| | ३७५ | ४०० | ४०० | ४१० | ३७५ | ३९७ | ३९७ | ४२० | ४५० | ४८२ |
| | | | | ड्राइचेरी बी | | | | | | |
| | १४० | १४० | १४० | १४० | १४० | १४८ | १४८ | १७० | २०० | २८० |
| | | | | ड्राइचेरी बी | | | | | | |
| | १०० | १०० | १०० | १०० | ९० | ९५ | ९५ | ११५ | १५० | २४७ |

मिटरभन्दा माथि, प्राङ्गारिक पद्धती अपनाएर उत्पादन गरिएको, ठिक्क पाकेको, पानीमा राख्दा डुब्ने, केलाएर छानिएको चेरीलाई ग्रेड बी मानिने छ ।
ग्रेड बी रु.९५ । (प्रति केजी (नोटः- ग्रेड (ए) मा नपरेका अन्य कफीलाई ग्रेड बी मानिनेछ ।
पार्चमेन्ट कफी ग्रेड बी रू ५३५। ( प्रति केजी (नोटः- ग्रेड बी गुणस्तरको फ्रेस चेरीबाट उत्पादन भएको, पानीमा राख्दा डुब्ने, ११% चिस्यान भएको कफी पार्चमेन्टलाई ग्रेड बी मानिनेछ । /
ग्रेड बी रू.४८२।( प्रति केजी (नोटः-ग्रेड ( बी) गुणस्तरको कफीबाट उत्पादन भएको पार्चमेन्टलाई ग्रेड बी मानिनेछ ।) ड्राइ चेरी कफी ग्रेड बी रू.२८० ।(प्रति केजी (नोटः ग्रेड बी गुणस्तरको फ्रेस चेरीबाट उत्पादन भएको ड्राइ चेरीलाई ग्रेड बी मानिनेछ । ग्रेड बी रू.२४७(प्रति केजी (नोटः-ग्रेड बी गुणस्तरको फ्रेस चेरीबाट उत्पादन भएको ड्राइ चेरीलाई ग्रेड बी मानिनेछ ।
विभिन्न वर्षहरूमा तोकिएको कफीको न्युनतम सहमत मूल्य प्रकार

नेपाली कफी उद्योगलाई आजको अवस्थासम्म जोगाएर यथासक्य प्रवर्द्धन गर्ने कार्यमा संलग्न विभिन्न मूल्य श्रृंखलामा काम गर्ने सम्पूर्ण किसान, उद्योगी एवं व्यवसायीहरु धन्यवादका विशेष पात्रहरु हुनुहुन्छ । कफी व्यवसाय प्रति उहाँहरुको लगाव र योगदानको कदर स्वरुप माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री एवं अध्यक्ष, राष्ट्रिय चिया तथा कफी विकास बोर्डको प्रमुख आतिथ्यतामा यही मंसीर ७ गते काठमाडौंमा हुने राष्ट्रिय कफी दिवसको औपचारिक कार्यक्रममा कफी विकासका क्षेत्रमा क्रियाशिल संस्था, उत्पादक किसान उद्यमी, जिल्ला कफी सहकारी संघ, प्रारम्भिक कफी सहकारी संस्थालाई विशेष सम्मान र पुरस्कृत गर्ने, व्यवसायीहरुबाट नेपाली स्पेसियालटी कफीको स्टल सञ्चालन तथा प्रदर्शनी, विभिन्न थरिका कफीहरुको ब्रिविङ्ग तथा टेस्टिङ्ग गर्ने गराउने, कफी सहकारी संघहरुबाट सञ्चालित कफी सम्बन्धी गतिविधिहरुको प्रदर्शनी गर्ने, नेपालको कफी क्षेत्रको वर्तमान अवस्था, नीतिगत व्यवस्था तथा आगामी कार्यदिशा विषयक प्रस्तुतीकरण एवम अन्तरक्रिया कार्यक्रम हुने समेत यसै प्रेस विज्ञाप्ती मार्फत जानकारी गराउन चाहन्छु ।
अन्त्यमा, नेपालमा कफी विकास तथा प्रवर्द्धनमा लाग्नु हुने सम्पूर्ण अग्रज कृषकं, उद्योगी, व्यवसायी, संघ(संस्थाहरु सबैलाई २० औं राष्ट्रिय कफी दिवसको पुनित अवसरमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

# सफल कृषि उद्यमी : देवीकुमारी क्षेत्री

कार्तिक ८, पर्वत, कुश्मा नगरपालिका-८ चुवाकी देवीकुमारी क्षेत्रीले व्यावसायिक कृषि फार्म सञ्चालन गरेर वार्षिक रु १२ लाख बढी आम्दानी गर्दै आएकीछिन् । सुन्दरेखोला कृषि तथा पशुपालन फार्म सञ्चालन गरेकी क्षेत्रीले माछा, कुखुरा, बाखा तथा हाँसपालन गर्दै आएकाछन् ।



दश रोपनी क्षेत्रफलमा पाँचवटा पोखरी निर्माण गरेर व्यावसायिक रुपमा माछा पालन गर्दै आएकी क्षेत्रीले वार्षिक १५ हजार किलोग्राम भन्दाबढी माछा बिक्री गर्ने गरेको बताईन् । माछाका साथै उनको फार्ममा गाईभैंसीसहित, स्थानीय जातका कुखुरा, बाखा तथा हाँस पनि छन् । दैनिक ३० देखि ४० लिटर दूध बिक्री गर्दै आएको उनले बताईन् ।
रु २५ लाख लगानी गरेर सात वर्षदेखि सञ्चालनमा आएको उक्त फार्मबाट सबै खर्च कटाएर वार्षिक रु१२ लाखसम्म आम्दानी हुने गरेकको क्षेत्रीले जानकारी दिइन् । फार्ममा उत्पादित माछा, दूध, बाखा तथा बोका, कुखुरा, हाँस बिक्री गर्न बजार जानु नपर्ने भन्दै मध्यपहाडी लोकमार्गको पोखरा(बागलुङ खण्ड नजिकै फार्म भएकाले ग्राहक/व्यावसायी घरमा आएर खरिद गर्ने गरेका उनले बताईन् ।
“सुरुमा लगानी धेरै गरें, व्यवसाय सङ्कटमा पर्छ कि भन्ने लागेको थियो, पछि उत्पादित सबै वस्तु सहज रुपमा घरबाटै बिक्री हुन थालेपछि लगानी र व्यवसाय थप गर्दै गएकी हुँ”, क्षेत्रीले भनिन् । कृषिबाट भएको आम्दानीले दुई छोरालाई शिक्षाका लागि अमेरिका पठाएको बताउँदै उनले श्रीमान् पनि रोजगारीको सिलसिलामा विदेश नै रहेको जानकारी दिइन् ।
क्षेत्रीले फार्ममा तीन जनालाई रोजगारी दिएको जानकारी दिईन् । “पहिलेदेखि आफ्नै व्यवसाय सञ्चालन गरी स्वरोजगार बन्ने योजना थियो”, उनले भनिन्, “यसअघि व्यावसायिक बङ्गुरपालनसमेत गरें, त्यसअभि

**बाँकी ......... ११ पृष्ठमा**

# खाद्य तथा गुण नियन्त्रण विभागको तीव्र अनुगमन




काठमाडौं कार्तिक १२, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले असोज २३ देखि कार्तिक १२ गतेसम्म विभागबाट मोवाइल फुड ल्याव भ्यान संचालन गरी तथा मातहतका कार्यालयहरुबाट निरीक्षण अनुगमनका टोलीहरु बनाई दैनिक रुपमा खटाई देशैभर निरीक्षण अनुगमन जारी राखेको छ ।

यसै सन्दर्भमा विभाग तथा मातहतका कार्यालयबाट चाडपर्व लक्षित खाद्य पदार्थहरुको नियमित एवं संयुक्त निरीक्षण तथा अनुगमनका लागि टोलीहरु खटाई जम्मा ३१२ वटा खाद्य उद्योग एवम् व्यवसायहरुको निरीक्षण अनुगमन गरी कारबाही गरिएको छ । जसमध्ये १०५ वटा खाद्य बजार, १०५ वटा खाद्य उद्योग र १०२ वटा होटल तथा रेस्टुरेन्टहरु निरीक्षण अनुगमन गरिएको छ ।

विभागले देशैभरिबाट खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ बमोजिम ३९ वटा नमूना र खाद्य स्वच्छता सर्भिलेन्सका लागि ६१ वटा नमूना गरी १०० वटा खाद्य पदार्थका नमूनाहरु संकलन गरिएको जनाएको छ । निरीक्षण अनुगमनका क्रममा उपभोग्य मिति समाप्त भएका, पूर्ण लेबल विवरण नभएका र खाद्य अनुमतिपत्र नलिएका करीव रु. ४ लाख ४४ हजार ६ सय ३ मूल्य बराबरको खाद्य पदार्थ जफत गरि नष्ट गरिएको विभागका प्रवक्ता मोहन कृष्ण महर्जनबाट प्रेस विज्ञाप्ति प्रकाशित गरि जानकारी दिएको छ

सोही अवधिमा मोवाइल खाद्य प्रयोगशाला भ्यानहरु सञ्चालन गरि जम्मा ३२ पटक खाद्य उद्योग एवम् व्यवसायहरुको निरीक्षण अनुगमन गरी कारबाही गरिएको छ । जसमध्ये ८ पटक खाद्य उद्योगहरु र २४ पटक खाद्य व्यवसाय एवं होटल रेस्टुरेन्ट निरीक्षण अनुगमन गरिएको छ । मोवाइल खाद्य प्रयोगशाला भ्यानमा मिठाईका ३८ वटा, प्रशोधित दूधका १२ वटा खाने तेलका १२ वटा, प्रशोधित पिउने पानीका १२ वटा, घ्यूका ९ वटा, पेय पदार्थका २ वटा, महका २ वटा र नुनको १ वटा लगायत विभिन्न खाद्य पदार्थ गरी ८८ वटा नमूनाहरुको स्थलगत प्रारम्भिक चेकजाँच गरिएकोमा कैफियत पाइएका ८ वटा खाद्य व्यवसायहरु माथि खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम थप अनुसन्धान तथा कारवाही प्रक्रिया अघि बढाइएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले मिति २०८१ असोज १६ देखि २ वटा मोवाइल फुड ल्याव भ्यान संचालनमा ल्याएकोमा मिति २०८१ कार्तिक ११ देखि बाँकी २ वटा मोवाइल फुड ल्याव भ्यान पनि मर्मत संभार भई ४ वटै मोवाइल फुड ल्याव भ्यानहरु सञ्चालन अवस्थामा रहेको छ ।

कार्तिक ९ गते पाल्पा जिल्ला, तानसेन नगरपालिका वडा नं. ३, शिवालय टोलस्थित सोनीका जेनेरल स्टोर्समा संयुक्त अनुगमनका क्रममा उपभोग्य मिति समाप्त भएको पर्ल ब्राण्डको २० के जीको ८३ बोरा चामल बिक्री वितरण रोक्का राखिएकोमा मिति कार्तिक १० गते अनुगमन टोलीका सदस्यहरुको रोहवरमा नष्ट गरिएको छ । नेपालगञ्ज एकीकृत जाँच चौकी स्थित खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय, नेपालगञ्जले चाडवाडको समयमा नेपालगन्जका स्थानीय व्यापारीले व्यवसायीक प्रयोजनका लागि २०८१ असोज ३० गते भारतबाट पैठारी गरी भन्सार नाकामा ल्याइएको ८५,००० के.जी. चामलको नमूना परिक्षण गर्दा तापले क्षतिग्रस्त दानाको मात्रा अत्याधिक बढि पाइएको साथै व्यापारिक प्रयोजनका लागि प्रभुकृपा अर्डर एण्ड सप्लायर्स, कोहलपुर बाँकेले भारतबाट पैठारीको लागि कार्तिक ४ गते नेपालगञ्ज भन्सार नाकामा ल्याएको १२,००० के. जी. मासको दाल परिक्षण गर्दा कोल टार डाई बाह्य रंगको उपस्थिति पाइएको हुँदा उक्त न्यूनस्तर चामल र मासको दालको कन्साइन्मेन्टको प्रवेश अनुमति अस्वीकृत गरी सम्बन्धित भन्सार कार्यालयबाट निर्यातकर्ता मुलुकमा फिर्ता गरेको जनाएको छ

। यसैगरि व्यापारीक प्रयोजनका लागि कि फुड्स इन्टरनेशनल प्रा. लि., काठमाडौंले दुबईबाट पैठारीको लागि कार्तिक ७ गते सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा नाकाहुँदै खाने प्रयोजनका लागि ल्याउन खोजेको १९२ के. जी. रोज वाटरको नमूना बीरगन्ज, पर्सास्थित खाद्य तथा गुण नियन्त्रण विभाग अन्तर्गतको खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय, बीरगञ्जले परिक्षण गर्दा आँखाले देख्न सकिने बाह्य पदार्थको उपस्थिति पाइएकोले आयात गर्न नमिल्ने भनि प्रवेश अनुमति अस्वीकृत गरिएको छ ।

मिति २०८१ कार्तिक ५ गते वर्ल्ड वेब इन्टरप्राइजेज भक्तपुरले नयाँ दिल्ली, भारतबाट भन्सार कार्यालय, बेलहिया, भैरहवा नाका हुँदै खाने प्रयोजनका लागि पैठारी गरेको ४.८ के. जी. सुगर बलको नमूना खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अन्तर्गतको खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय, बेलहिया, भैरहवाले परिक्षण गर्दा खाद्य लेबल सम्वन्धि विवरण खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को प्रतिकूल रहेकोले आयात गर्न नमिल्ने भनि प्रवेश अनुमति अस्वीकृत गरिएको छ ।

खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्न विभागले सम्पूर्ण खाद्य व्यवसायीहरुलाई लेबल विवरण नभएका खाद्य पदार्थ बिक्री वितरण नगर्न, सरसफाईमा विशेष ध्यान दिन, खाद्य पदार्थ खरिद बिक्री गर्दा लेवल अनिवार्य हेर्न, स्टोर तथा भण्डार व्यवस्थित गरी सफा राख्न, उपभोग्य मिति समाप्त भएका खाद्य पदार्थ छुट्टै भण्डारण गर्न, पकाएको खाद्य पदार्थ छोपेर राख्न, मसिले लेखिएको, छापिएको वा रंगाईएको कागजमा खाद्य पदार्थ नराख्न, किट नियन्त्रण गर्न र अनुमतिपत्र नलिइ खाद्य व्यवसाय सञ्चालन नगर्न निर्देशन दिएको छ ।

खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम निषेधित कार्यहरु नगर्न नगराउन सम्पूर्ण खाद्य उद्योग एवं व्यावसायीलाई अनुरोध छ । साथै ऐनले निर्देशित गरे बमोजिमका कर्तव्यहरु सबै खाद्य व्यवसायीले

**बाँकी ......... १९ पृष्ठमा**

# कृषिमा लगानी र राष्ट्रको समृद्धि

**सरस्वती मानन्धर :**

नेपालको ६५ प्रतिशत जनता कृषिमा आश्रित छन भन्ने तथ्याङ्क सरकारले पटक पटक सार्वजनिक गर्दै आईरहेको छ। तर कृषिमा सरकारको राम्रो नीति र व्यवस्था नभएका कारण केहि वर्ष यता देखि धेरै भन्दा धेरै गाउका युवा शक्ति बिदेश पलाएन हुदै गएकाले खेति गर्ने जनशक्तिको अभाव त्यतिकै खडकिएको छ। त्यसमा पनि नेपालको राजनीतिक खिचातानी र राजनीतिक दलका नेताहरुको अर्कमन्यताका कारण राष्ट्रको कृषि क्षेत्र तहस नहस भएको पाईन्छ। तर सबै राजनीतिक दलले गौरवका साथ भन्ने गर्छन कि हाम्रो पार्टी भनेको कृषकको पार्टी हो मजदुरको पार्टी हो भनेर हौवा फैलाउछन। तथापि तिनै जनतासँग राजनीति लादेर त्यतिनै मात्रामा क्रुरता देखाईरहेका हुन्छन। साच्चै भन्ने हो भने नेपालमा कृषि सबैभन्दा अपहेलित नै छ। जबकी यो रास्ट्रका धेरै जनता कृषिममानै आश्रित छन। त्यसकारण कृषिप्रधान देशको समस्या र चुनौति भनेको त्यतिकै मात्रामा छ।

नेपालको अर्थतन्त्र मजबुत बनाउनका लागि कृषि र किसानको उन्ती हुनै पर्दछ। हामिले कृषि पेशालाई सम्मानित तथा आर्कषक बनाउनु नै पर्दछ र मात्र नेपालको गरिबीनिवारण, वेरोजगारी समस्याको अन्त्य का साथै व्यापार घाटाको समाधान यसैबाट हुन्छ। कृषि शिक्षा,अन्राष्ट्रिय सन्धी सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, दिगो विकास लक्ष्यका साथै कृषि क्षेत्रको व्यवसायिकरण,यान्त्रिकरण र विविधिकरणमा सरकारले जोडदिनु प्रर्दछ। साथै कृषि क्षेत्रलाई सम्मानजनक बनाई आय एवं रोजगारी सिर्जनागर्दै, गरिबी न्यूनिकरण,व्यापार सन्तुलन, खाद्य पोषण सुरक्षा गर्दै कृषि व्यवसायलाई दिगो र आत्मनिर्भर, कृषि क्षेत्रको विकासमा समग्र कृषक, सम्बन्धित निकाय तथा सरकार लाग्नु जरुरी छ। कृषकहरूलाई नगदेबाली तिर लगाउने र स्वरेजगार मुलक कृषि होइन व्यवसायिक खेति गराउने तर्फ नीति नियम र तालिमको व्यवस्था सम्बन्धित निकायबाट गराउँदै लानु पदर्छ।

कृषिको व्यवसायिकरणबाट मात्रै राष्ट्रको समृद्धि हुन्छ। त्यसैले कृषि उन्नतिका लागि उपयुक्त औजार लगाएत मध्यमखाले प्रविधिको विकास गरी सबै पूर्वाधारको निर्माण गरिने हो भने कृषि क्षेत्र राष्ट्रको आयस्रोतको मेरुदण्डनै बन्ने छ। त्यसैले कृषि पेशा अहिलेको जस्तो धेरै मिहिनेत गरेर थोरै आम्दानी हुने पेशा भएकाले यो पेशा दुखि बनेको छ। त्यसकारण हामी परम्परागत बालीमा आश्रित नभई देशको जोकि विविधतालाई ध्यानमा राख्दै देशको प्रर्वद्धन र विकासमा जोड दिँदै देश भित्र र विदेशी बजारको मागलाई समेत ध्यानमा राख्दै सरकारले नीति नियमको व्यवस्था मिलाई कृषिलाई व्यवसायिकरण तिर लानु प्रर्दछ। यो भएको खण्डमा कृषि क्षेत्रमा आधुनिक रुपान्तरणबाट ग्रामिण कृषि क्षेत्रको मुहार उज्यालो हुन सक्छ। र गाउँका युवाशक्ति



गाउँमानै आश्रित हुन्छन। कृषिको व्यवसायिकरण र विविधिकरणबाट नै कृषिमा आश्रित वहुसंख्यक नेपालीको जीवनस्तर सुधार्न सकिन्छ। आज लाखौ नेपाली जनशक्ति बाहिर गईरहेका छन्। हाम्रो जग्गा जमिन एवं माटो सुकिरहेको छ। यो समस्याको समाधान कहिले हुने हो त्यो कसैलाई थाहा छैन। भूमिलाई अब परम्परागत रुपमा होईन आधुनिक रुपमा खेति गर्ने परम्परा बसाई औधोगिक वस्ती, आवास, बन, पर्यटन आदि जस्ता भू-उपभोगको आधारमा वर्गिकरण गरिनु पर्दछ। कृषिमा आधारित भूमिहिन हरूको भूमिमा पहुँच बढाउन खण्डीकरण एवं जग्गा टुका हुने समस्यालाई न्यूनिकरण गदै उत्पादकत्व वृद्धि गर्न वैज्ञानिक भूमि सुधारको आवश्यकता देखिन्छ। किसानलाई मलको उत्पादन देखि कृषि उत्पादन र बाली संरक्षणसम्म तालिम र प्रशिक्षणको व्यवस्था मिलाउनु पर्दछ। विविध कृषि उपज जंगलको जडिबुटी को उचित व्यवस्थापन र व्यवसायिकरण गर्दा देशको निर्यातमा आएको महत्वपूर्ण स्रोतको रुपमा विकसित गर्न सकिन्छ।

कृषिमा रहेका सम्भावनाहरूलाई मूर्त रुप दिन कृषक वर्गले भोग्नु परेको समस्या खासगरी सडक,विजुली, सिँचाई, मलखाद, प्राविधिक र सुपथ ऋणको व्यवस्था जस्ता आवश्यक पूर्वाधारको व्यवस्था मिलाउने दायित्व सरकारको भएकाले यसको प्रवन्ध गर्न सरकारले पहल गर्नु पदर्छ। त्यसकारण राष्ट्रको विकासका लागि कृषिमा लगानी गर्नु जरुरी छ। त्यस्तै गरेर नेपाल सरकारले कृषि क्षेत्रको दीर्घकालिन सोच अनुसार ५० वर्षे कृषि विकास रणनीति बनाई कार्यान्वयनमा ल्याउन जरुरी छ। सही र राम्रो कृषि विकास रणनीतिले मात्र कृषि, कृषक तथा समाज र राष्ट्रको उन्नति सम्भव छ। त्यसकारण कृषिमा आधारित अर्थतन्त्रलाई दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने, उत्पादनको विशिष्टिकृत क्षेत्र निर्माण गर्ने, कृषिजन्य उधोगमा रुपान्तरण गरी आधुनिक र व्यवसायिक कृषिमा लम्किने, कृषिमा प्रतिस्प्रधात्मक क्षमता वृद्धि, निर्यातयोग्य कृषि वस्तुहरूको मूल्य अभिवृद्धि रोजगारीको अवसरको सिर्जना का साथै सम्बन्धित सबै सरोकारवाला हरू सँगको समन्वयलाई ध्यानमा राखेर रणनीतिगत कार्ययोजना अगाडी ल्याउनु पर्ने जरुरी देखिन्छ। त्यसकारण जुनसुकै राष्ट्रमा पनि सहि तरिकाबाट कृषिको क्षेत्रमा सरकार एवं सरोकारवाला निकायबाट लगानि गरी व्यवसायिक ढंगबाट कृषिको विकास गर्ने हो भने त्यो राष्ट्र सहजै समृद्ध बन्दछ।

कृषिको विकास भनेको समग्र देशको विकास हो भन्ने ठानेर सरकार सम्बन्धित

निकाय एवं कृषक वर्ग अगाडि बढनु पर्ने टड्कारो आवश्यकता छ । राष्ट्रिय अर्थतन्त्रमा कृषिको अहं भूमिका भएकाले देशमा धेरैभन्दा धेरै रोजगारीको अवसर सिर्जना गर्ने खालको कृषि क्षेत्रको विकासका योजनाहरु तर्जुमा गरी कार्यन्वयन गर्नु पर्दछ । त्यसैले आज आएर देश विकासमा महत्वपूर्ण योगदान गर्न सक्ने कृषि क्षेत्रले अपेक्षित प्रगति गरी रोजगारीका अवसर सिर्जना गर्न नसक्दा लाखौं लाख युवा युवतीहरू रोजगारीका लागि विदेसी भुमिमा रगत पसिना बगाउन वाध्य भएका छन् । त्यस्तै गरेर कृषि क्षेत्रमा आवश्यक कृषि मजदुर एवं कृषि प्राविधिकहरूको अभावका कारण कृषि उत्पादन र उत्पादकत्वमा नकारात्मक प्रभाव परेको पाईन्छ । त्यसकारण कृषि प्रविधिमैत्रि शिक्षाको खाँचो त्यतिनै मात्रामा खड्किएको छ ।

अब नेपालमा व्यवसायिक कृषि सम्बन्धी शिक्षा सबै तहमा पढाउनको लागि सरकारले रणनीति तयार गर्नु पर्ने देखिन्छ । यसरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सकिने अवसरलाई उपयोग गर्न सकिएको छैन भने वर्षेनि ठूलो परिणाममा कृषि उपजहरूको आयातले व्यापारमा असन्तुलन बढ्दै गइरहेको छ । र केहिदशक अधिसम्म कृषिजन्य बस्तुको निर्यात गर्न सक्ने मुलुक आयात् तर्फ उन्मुख भएको छ । कृषिको विकास भनेको समग्र राष्ट्रको विकास सँगै आर्थिक समृद्धि भएकोले उल्लेखित कृषिमा समग्र उठान गरिएका विषयवस्तुहरूको संयोजन उत्पादन सामग्री र प्रविधिको उपयुक्त उपयोग हुनु नितान्त आवश्यक छ ।

**सम्पादकीय**

नाममा खासै उल्लेखनीय प्रगति हुन सकेको छैन । हाम्रो जस्तो कृषि प्रधान देशमा सबैभन्दा बढी कृषि क्षेत्रलाई नै जोड दिनुको विकल्प छैन । कृषिले एकातिर जनताको खाद्य सुरक्षालाई सुरक्षित राख्न सहयोग पुऱ्याउँछ भने अर्को तर्फ बढी भएको अवस्थामा वाह्य देशका लागि पनि बिक्री वितरण गरि भारत, चीन र अन्य मुलुकहरूले जस्तै आयआर्जन बढाउन सकिन्छ । र अर्को हामीसँग प्रयाप्त जलस्रोतका आधार छ । हामीले आन्तरिक रुपमा नै विद्युतको प्रयोगमा जोड दिन सके नेपालमा भित्रिने खाना पकाउने ग्याँस, लगायत इन्धन खरिद गर्न नपर्दा पनि देशको धनराशी विशाल मात्रमा वचत हुन सक्छ र लागेको ऋण घटाउनमा पनि सहयोग पुग्ने कुरामा दुइमत छैन ।

# दिगो कृषि नै परनिर्भरता घटाउने मूल आधार हो

सरकारले छिमेकी देशमा जस्तो कृषिमा अनुदान नदिएकाले पनि आयात् बढ्दै गएको बताइन्छ कृषकले उत्पादित वस्तुको सहज बजार पहुँच नपाउनु, कृषिमा छिमेकी देश सरह अनुदानको व्यवस्था नहुनु र जनशक्ति




विदेश पलायन हुनु जस्ता कारणले कृषिजन्य वस्तुको समेत निर्यातको तुलनामा आयात ज्यादै बढी हुँदै गएको विज्ञहरूले बताएका छन् ।

आर्थिक वर्षको छ महिनामा मात्रै कृषि उत्पादनको निर्यातभन्दा झण्डै पाँच गुणा बढी आयात् भएको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले जनाएको छ ।

केन्द्रका अनुसार कृषिका लागि हावापानी, उर्वर माटो भए पनि भौगोलिक विकटता र उत्पादित वस्तुको बिक्री वितरणको तरिका किसानलाई थाहा नहुँदा अनुदान दिइने छिमेकी मुलुकमा उत्पादित सामानहरूकै आयात् बढ्दै गएको हो ।

कृषिजन्य वस्तुको निर्यात घट्दै जानुको कारणबारे केन्द्रका कार्यकारी निर्देशक ईश्वरीप्रसाद घिमिरे भन्छन्, "बजारमा उत्पादनको सहज पहुँचको अभाव, जनशक्ति पलायन तथा छिमेकी देश चीन र भारतमा जस्तो कृषिमा अनुदान नदिइनु जस्ता कारणले निर्यातभन्दा आयात बढ्दै गएको पाइन्छ ।"

बजारमा उत्पादनको सहज पहुँचको अभाव, जनशक्ति पलायन तथा छिमेकी देश चीन र भारतमा जस्तो कृषिमा अनुदान नदिइनु जस्ता कारणले निर्यातभन्दा आयात बढ्दै गएको पाइन्छ ईश्वरीप्रसाद घिमिरे, कार्यकारी निर्देशक, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

दुरदराजमा उत्पादन हुने गुणस्तरीय कृषिजन्य वस्तु बजारसम्म ल्याउने मेसो कृषकले नपाउँदा स्वदेशी उत्पादनको बजार आयातित वस्तुले खाइरहेको छ ।

जानकारहरूका अनुसार त्यसबाहेक उत्पादित सामानलाई लामो समय व्यवस्थित गर्ने प्रविधि नहुँदा गुणस्तर कायम गर्न पनि गाह्रो छ ।

त्यसले गर्दा निर्यातमा समस्या हुने गरेको कृषि मन्त्रालयमा लामो समय रहेका पूर्वसचिव हरि दाहाल बताउँछन् ।

दाहालका अनुसार "हामीसँग प्रयोगशाला, प्रविधि र क्षमताको कमी छ, त्यसो हुनाले बजारमा आफ्नै उत्पादन पुऱ्याउन सकियो भने आयात् र निर्यातको खाडल कम हुन्छ र त्यसो गर्न जरुरी छ ।"

हामीसँग प्रयोगशाला, प्रविधि र क्षमताको कमी छ, त्यसो हुनाले बजारमा आफ्नै उत्पादन पुऱ्याउन सकियो भने आयात् र निर्यातको खाडल कम हुन्छ र त्यसो गर्न जरुरी छ ।

सन् २०१० देखि अलैंची, अदुवा, चिया, कफीलगायत १२ वटा सामानको निकासीलाई प्रवर्द्धन गर्ने विशेष कार्यक्रम लागू गरे पनि त्यसले निर्यात बढाएर आयात् घटाउन सकेको छैन ।

कृषिप्रधान देश भने पनि वर्षेनी कृषिजन्य वस्तुहरूकै आयात् निर्यातको दाँजोमा बढ्दै जानुलाई जानकारहरू विडम्बनापूर्ण मान्छन् ।

चालु आर्थिक वर्षको ६ महिनामा कृषि सामग्रीको आयात ५९ अर्ब रुपियाँ बराबरको भएको छ भने निर्यात जम्मा १३ अर्बको मात्रै भएको छ ।

नेपालबाट निर्यात हुने कृषिजन्य सामानहरूको व्यापार विस्तार गर्न सरकारले सन् २०१० देखि विशेष कार्यक्रम लागू गरे पनि त्यसले आयात् र निर्यातको अन्तर घटाउनुको सट्टा वर्षेनी बढाउँदै गईरहेको छ ।

# नेपालमा पालिने बाख्राका जातहरू

नेपालमा मुख्यतया चार जातका स्थानीय बाख्राहरु पाल्ने गरेको पाइन्छ । यी चारै जातका बाख्राहरु भौगोलिक क्षेत्रका आधारमा वर्गीकरण गरिएको पाइन्छ । तराई क्षेत्रमा तराई, बाख्रा, तल्लो तथा मध्य पहाडि क्षेत्रमा खरि, उच्च पहाडी क्षेत्रमा सिन्हाल तथा उच्च हिमाली क्षेत्रमा च्याङ्ग्रा जातका बाख्राहरु पाइन्छन् ।

**क) तराई बाखा**

नेपालको तराई क्षेत्रतिर पाइने जातको बाख्रालाई तराई बाखा भनिन्छ । यो शुद्ध जातको बाखा नभएर भारतीय जातको बाख्रा जमूनापारीको गुणहरु जस्तैः माथि उठेको नाक, झुण्डिएको लामो कान भएकोले यसलाई जमूनापारीको खच्चड पनि भनिन्छ । यो बाखा मझौला आकारको र विभिन्न रंगको भएता पनि प्रायः खैरो रंग र शरीरमा सेतो धर्सा रहेको हुन्छ । यो बाखा दुध तथा मासु दुवैको लागि उपयुक्त मानिन्छ । यसको शारीरिक तौल करिब १८ देखि ३५ किलोग्रामसम्म हुन्छ । सालाखाला १५ महिनाको उमेरमा पहिलोपटक ब्याउने र खरी तथा तराई बाख्राको प्रजनन् क्षमतामा धेरै समानताहरु पाइन्छन् । गर्मी ठाउँमा पाइने जात भएकोले जाडो तथा चिसो ठाउँमा यो कमै पाइन्छ ।

**ख) खरी/औंले बाखा**

मध्य पहाडी प्रदेशमा पाइने बाख्रालाई पहाडी वा खरी बाखा भन्ने गरिन्छ । विभिन्न ७ रंगका खरि बाख्राहरुमा कालो तथा खैरो रंगका बाखाहरु तुलनात्मक रुपमा धेरै पाइन्छन् । प्रायः खरी बाख्राहरुमा मध्यम आकारका पछाडि वा माथितिर फर्केका सिङ्ग हुन्छन् । थोरै बाख्राहरु मुडुले पनि पाईएका छन् । खरि बाख्राको शारिरीक तौल १५ देखि २५ किलोग्रामसम्म हुन्छ भने बोकाको शारीरिक तौल २५ देखि ३५ किलोग्रामसम्म हुन्छ । यो जातको बाखा सालाखाला १६ महिनाको उमेरमा पहिलो पटक ब्याउने, साधारण अवस्थामा २ वर्षमा ३ पटक ब्याउने र प्रति बेत २ वा २ भन्दा बढी पाठापाठी हुर्काउन सक्ने क्षमता भएको हुनाले नेपालको अधिकांश भु-भागमा यो बाखा लोकप्रिय भएको पाइन्छ । यसको शरीर सानो र फुर्तिलो हुन्छ । यो जातको बाख्रालाई बंधुवा वा चराएर पाल्न सकिन्छ ।

नेपालमा पाईने स्थानीय जातका बाख्रामध्ये संख्याको हिसाबले सबैभन्दा बढी भएको खरी बाखा पहाडी क्षेत्रमा फैलिएको छ । हावापानी, रोग प्रतिरोधात्मक क्षमता र औसत वृद्धिदर आदिको दृष्टिकोणबाट नेपालको पहाडी र मध्यपहाडी क्षेत्रको लागि खरी बाखा उपयोगी मानिएको छ ।

**खरी बाखाको विशेषताहरुः**

-स्थानीय हावापानीमा राम्रोसँग फस्टाउने, दुई वर्षको अवधिमा ३ पटकसम्म ब्याउन सक्ने,



-साधारण खोरमा पनि पाल्न सकिने, रोगव्याधी कम लाग्ने, नेपालमा भित्रिएका विदेशी जातहरु भन्दा रोग प्रतिरोधात्मक क्षमता बढी हुने ।

-सामान्यतया एउटा बाखीले एक पटकमा २ वटा पाठापाठी पाउने, पाठापाठी मृत्युदर कम हुने ।

-सन्तुलित आहारा (दाना) को त्यति आवश्यकता नर्पने, मासु स्वादिलो र खँदिलो हुने ।

**ग) सिन्हाल**

उच्च पहाडी क्षेत्रमा पाइने यो जातको बाखा बरुवाल वा भ्याङ्गलुङ जातको भेडाको बथानमा चर्न रुचाउने हुन्छ । सिन्हाल जातको बाखा अन्य नेपाली बाखाहरुमध्ये सबैभन्दा ठूलो शरीर भएको बाखा हो । यसको छोटो टाउको, सीधा नाक, चिसो सहन सक्ने क्षमता भएको र यसबाट केहि मात्रामा पस्मिना समेत उत्पादन गर्न सकिन्छ । वयस्क बाखाको शारिरीक तौल ३०-३५ किलोग्रामसम्म हुन्छ । सिन्हाल बाखाहरु करीब दुई वर्षको उमेरमा पहिलोपटक ब्याउने, साधारणतया वर्षमा एकपटक ब्याउने र एउटै पाठा वा पाठीमात्र पाउने गर्दछ । थोरै बाखाहरुले मात्र जुम्ल्याहा पाठा पाठी पाउने गर्दछ ।

**घ) च्याङ्ग्रा**

यो हिमालय पर्वत श्रृखलाको पछाडिपट्टि सुख्खा, बढि हावा लाग्ने, चिसो र अर्धभूमिजस्तो ठाउँमा पाइन्छ । च्याङ्ग्रा पस्मिना र नरम खालको न्यानो भुवा उत्पादनको लागि प्रसिद्ध छ । च्याङ्ग्राको शरीर बाक्लो लामो रौंले ढाकिएको हुन्छ । रौंको भित्री भागमा मसिना पस्मिना रहेको हुन्छ । यसको सानो तर लामो टाउको, सीधा नाक, साँघुरो थुतुनो र कसिलो शरीर तथा बटारिएको सिंग हुन्छ । तिब्बती तथा कश्मिरी च्याङ्ग्रा ठुलो खालको हुन्छ भने नेपालको उत्तरी भेगमा पाइने च्याङ्ग्रा सानो खालको हुन्छ । यिनीहरु अन्दाजी दुई वर्षको उमेरमा पहिलोपटक ब्याउने, वर्षमा एकपटक ब्याउने र अधिकांशले एक पटकमा एउटा मात्र पाठापाठी पाउने गर्दछन् । वयस्क च्याङ्ग्राबाट वर्षमा ५० देखि २०० ग्राम सम्म पस्मिना उत्पादन हुने गर्दछ । वयस्क च्याङ्ग्राको तौल २५ देखि ३० किलोग्रामसम्म हुन्छ । यसको आफ्नो शारिरीक तौलको ३० प्रतिशत बराबर वजनको भारी बोक्न सक्ने क्षमता हुन्छ ।

विदेशी जातका बाख्राहरू

**जमुनापारी :**

भारतमा पाइने सबैभन्दा ठुला जातको जमुनापारी बाखा भारतको चम्वल नदिको बीच भाग हुँदै नेपालको तराई क्षेत्रमा आइपुगेको हो । जमुनापारी बाख्राको रंग एकनासको हुँदैन तर साधारणतया सेतो रंग भएका बाख्राहरु कहिंकहिं गाढा रंगको चिन्हहरु हुने गर्दछ । यो जातको बाख्राको जीउ ठुलो तथा अग्लो, लामो खुट्टा, नाकको बीच भाग उठेको (सुगा नाके) र झुण्डिएको लामा कानहरु प्रमुख विशेषताहरु हुन् । यसले एक

दिनमा २.२५ देखि २.७ किलोग्रामसम्म दुध दिन्छ। यो जातको बाखाको वजन ३० देखि ६० किलोग्रामसम्म हुन्छ। यस जातको बाख्राको शरीर ठुलो भएकोले मासु भरिन धेरै समय लाग्दछ। जमूनापारी बाखाको पहिलोपल्ट ब्याउने उमेर तथा ब्याउने अन्तर क्रमशः औसत ७७० दिन तथा ४४८ दिन उल्लेख भएको पाइन्छ।

**बारबरी :**

यस जातको बाखाको उत्पत्ति पूर्वी अफ्रिकाको बारबरा भन्ने शहरमा भएको हो। भारतको उत्तर प्रदेशको विभिन्न भाग (आगरा, मथुरा) मा यो जातको बाखा प्रशस्त पाइन्छ। यसको कान छोटो तथा ठाडो, शरीर सानो, रंग रातो र सेतो टाटेपाटे किसिमको हुन्छ। झट्ट हेर्दा मृग जस्तो देखिने बारबरी जातको बाखा चर्न त्यति मन पराउँदैन। खोरभित्रै राखेर पालिने जात भएकोले यो जातको बाखा खासगरि शहरी वा शहर वरिपरिको क्षेत्रमा पालिन्छन्। यो जातको बाखाको सरदर शारिरीक तौल बाखीको २७ देखि ३६ र खसी बोकाको ३२ देखि ४१ किलोग्रामसम्म हुने गरेको पाइन्छ। पहिलोपल्ट ब्याउने औसत उमेर तथा २ वेत बीचको अन्तर क्रमशः ५८८ दिन तथा २७४ दिन पाइएको छ।

**सानन् :**

दुध उत्पादनको लागि विश्वप्रसिद्ध सानन् जातको जन्मस्थान स्वीट्जरल्याण्डको सानन् उपत्यका हो। यो जातको बाखा सेतो क्रीम रंगको हुन्छ। यसको अनुहार सीधा वा अलि थेप्चिएको र कानहरु ठाडो तथा अगाडितिर तेर्सिएको हुन्छ। विकसित फाँचो भएकोले यसले प्रतिदिन २ देखि ४ के.जी सम्म दुध दिन्छ। दुधमा औसत ३.५५ प्रतिशत चिल्लो पर्दाथ पाइन्छ। साधारणतया यो जातको बाखाको सिंग हुँदैन। तर कुनै कुनैमा हुनपनि सक्छ। बोकाको शारिरीक तौल औसतमा ९५ किलोग्राम र बाखीको ६५ किलोग्राम सम्मको हुने गरेको छ।

**विट्टल :**

यस जातको बाखा भारतको गुजरात र राजस्थानमा पाइने जात हो। यो बाखा हेर्दा जमुनापारीसँग मिल्दोजुल्दो हुन्छ। यो बाखामा सामान्यतया कालो र खैरो रंगमा बढि पाइने, नाक उठेको, कान चौडा लामो र घुम्रिएको र चौडा मझौला शरीर जस्ता चारित्रिक विशेषताहरु भएको पाइन्छ। यस जातको बाखाको औसत उचाई ९१ से.मी (बोका) र ७७ से.मी (बाखी) र औसत तौल वयस्क भालेको ५९ के.जी र वयस्क पोथीको ३५ के.जी हुन्छ। २ वर्षमा पहिलोपल्ट ब्याउने र दुई वेतबीचको अन्तर औसतमा १ वर्ष पाइएको छ। सरदर दुई वर्षमा ३ पटक ब्याउने र ५० प्रतिशत जुम्ल्याहा पाउने गर्दछ। नेपालको तराई र भावर क्षेत्रमा बंधुवा प्राणीमा यसबाट राम्रो उत्पादन लिन सक्ने देखिन्छ।

**बोयर बाखा :**

यो जातको बाखा सन् १९०० दशकमा दक्षिण अफ्रिकामा विकास गरिएको हो। सन् १९८० मा अष्ट्रेलिया र न्युजिल्याण्डमा यो जातको बाखा पालियो र हाल अन्य देशहरुमा क्रमैसँग फैलिँदै गएको छ। विगत पाँच वर्षदेखि नेपालका केहि अगुवा कृषकहरुले यो बाखा पालन गर्न थालेका छन्। नेपालका विभिन्न भौगोलिक क्षेत्रमा यो बाखा पाल्न आवश्यक प्रविधि विकासका लागि नार्कले कृषि अनुसन्धान केन्द्र (बाखा) बन्दिपुरमा २०६५ सालदेखि विस्तृत अध्ययनको थालनी गरेको छ। यो बाखाको विशेषताहरु-

-छिटो बढ्ने (८०-९० ग्राम प्रतिदिन)

-प्रतिवेत दुई पाठापाठी पाउने

-दुई वर्षमा तीनपटक पाउने

-वाली जान सिजनको प्रभाव कम पर्ने भएकोले बाह्रै महिना पाठापाठी जन्माउन सक्ने

-मासुमा Cholesterol को मात्रा कम भएकोले मासु स्वस्थकर हुन्छ।

**नेपालमा पालिने वर्णशंकर जातका बाखाहरु :**

१.जमुना पारि क्रस (खरि x जमूनापारि)

शुद्ध स्थानीय खरी जातको बाखामा (प्रति वेत १.८ पाठापाठी हुर्काउन सक्ने) शुद्ध जमुनापारि बोका लगाएर जन्मेको ५० प्रतिशतका सन्तानलाई (कम्तिमा ५ पुस्तासम्म नाता नपर्ने गरि ५० प्रतिशत एक आपसमा क्रस गराएर विकास गरिएको) जमुनापारी वर्णशंकर बाखा भन्ने गरिएको छ। यो जातको वर्णशंकर बाखा पहाडी भेगमा जमुनापारी भन्दा राम्रोसँग फस्टाउन सक्दछ। यो बाखाको ब्याउने अन्तर झण्डै खरी जस्तै छोटो (२८० दिन) हुन्छ। उमेर पुगेका १०० क्रस माउले प्रतिवेत १४५ वटा पाठापाठी पाउँछन् भने जमुनापारीले ११५ वटा (भारतमा १०० वटा मात्र) पाउँछन्।

**बारबरी क्रस (खरी x बारबरी)**

शुद्ध स्थानीय खरी जातको बाखामा (प्रतिवेत १.८) पाठापाठी हुर्काउन सक्ने) शुद्ध बारबरी बोका लगाएर जन्मेका ५० प्रतिशतका सन्तानलाई (कम्तिमा ५ पुस्तासम्म नाता नपर्ने गरि ५० प्रतिशत क्रस लाईन ब्रिडिङ्ग गरिएको) बारबरी वर्णशंकर बाखा भनिन्छ। बारबरी वर्णशंकर जातका बाखा खासगरी नेपालको पश्चिमी मध्य पहाड र गरम उपत्यकामा बुटवल देखि पश्चिममा राम्रोसँग फस्टाउने अनुभव गरिएको छ। यस्तो वर्णशंकर बाखा मासुका लागि उपयोगी हुन्छ।

---

**खाद्य गुन .....**

पालना गरी दिनु हुन समेत अनुरोध छ। अन्यथा ऐन नियम बमोजिम कारबाही हुने विज्ञाप्ति मार्फत जानकारी गराइएको छ। विभागको प्रेस नोटमा भनिएको छ,

व्यापारीक प्रयोजनका लागि प्रभुकृपा अर्डर एण्ड सप्लायर्स, कोहलपुर बाँकेले भारतबाट पैठारीको लागि मिति द्दण्डज्ञ/ण्ठ/ण्द्ध गते नेपालगन्ज भन्सार नाकामा ल्याएको १२,००० के. जी. मासको दाल नेपालगन्ज एकीकृत जाँच चौकी स्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अन्तर्गतको खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय, नेपालगन्जले परिक्षण गर्दा कोल टार डाई बाह्य रंगको उपस्थिति पाइएकोले आयात गर्न नमिल्ने भनि नेपालगन्ज भन्सार कार्यालयलाई प्रतिवेदन पठाएकोले उक्त न्यूनस्तर मासको दालको कन्साइन्मेन्ट भन्सार कार्यालयले निर्यात गर्ने देशमै फिर्ताको प्रकृयामा रहेको व्यहोरा सबैमा जानकारीका लागि यो प्रेस नोट जारी गरिएको छ। कुनै पनि किसिमका दालमा बाह्य रंगको प्रयोग गर्न प्रतिबन्द गरिएकोछ।

खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८९ मा परिभाषित खाद्य पदार्थ पैठारी गर्ने सम्पूर्ण खाद्य व्यवसायीहरुले अनिवार्य रुपमा ऐनको दफा १३ को उपदफा (१) बमोजिम खाद्य पदार्थको पैठारी गर्न चाहने खाद्य व्यवसायीले खाद्य पदार्थ पैठारी गर्नुअघि विभाग वा विभागले तोकेको कार्यालयबाट स्वीकृति लिएर तथा उपदफा (२) बमोजिम खाद्य पदार्थ पैठारी गर्नुअघि विभाग वा विभागले तोकेको कार्यालयबाट प्रवेश अनुमति लिएर मात्र खाद्य पदार्थ पैठारी गर्नुहुन जानकारी गराइन्छ। सो बमोजिम नगरेको पाइएमा ऐन बमोजिम कारवाही हुने व्यहोरा खाद्य पदार्थ पैठारी गर्ने सम्पूर्ण खाद्य व्यवसायीहरुलाई जानकारी गराईन्छ। काठमाडौं असोज ३०, गते खाद्य तथा गुण नियन्त्रण विभागको प्रवक्ता मोहनकृष्ण महर्जनले एक विज्ञाप्ति प्रकाशित गरिएको छ।

**बाँकी ......... ११ पृष्ठमा**

# उँखु खेती लगाउने उन्नत प्रविधिहरू

✍डा.श्री भगवान ठाकुर
कृषि विज्ञ

नेपालमा चिनी दैनिक रुपमा प्रयोग हुने उपभोग्य वस्तुको कच्चा पदार्थ उखु नै भएकोले औद्योगिक तथा नगदे बाली मानिन्छ । यसको खेती औद्योगिक दृष्टिकोणले तराईमा गरिन्छ । नेपालमा उँखुको उत्पादकत्व वर्षौदेखि ३६ देखि ४६ मेट्रिक टन प्रति हेक्टर मात्र रहेको छ । जुन छिमेकी राष्ट्र भारत महाराष्ट्रको तुलनामा एक तिहाई



मात्र हो । हाम्रै देशका केही अनुभवी कृषकहरूले ९० देखी १०० टन प्रति हेक्टर उत्पादन गरेको रेकर्ड पनि पाईन्छ । नेपालमा कूल चिनीको आवश्यकता, माग भन्दा थौरै चिनीको उत्पादन भई बाकी ५० हजारदेखि १ लाख क्विन्टलसम्म (लगभग ५५ प्रतिशत) चिनीको माग बाहिरी मुलुकबाट आयात् गर्नु परेको अवस्थाले धेरै मुद्रा विदेशीने गरेको छ । जबकी हाम्रो देशमा जम्मा १२ वटा चिनी मिलहरू मध्ये हाल ८ वटा मात्र सूचारु रुपले चलिरहेको छ । उँखु उत्पादनको सम्भावना हेर्ने हो भने प्रकृतिले तराईका लागि वरदान भनेर दिएको छ । हाम्रो माटो, मौसम, भू-वनौट, सामाजिक, आर्थिक अवस्था आदि सबै उँखुको लागी उत्तम रहेको छ । हाम्रो देशको तराईको जिल्लाहरू मध्ये उँखु खेती गरिने जिल्लाहरूमा रौतहट, सर्लाही, सिराहा, महोत्तरी, वारा, पर्सा, नवलपरासी, कपिलवस्तु, रुपन्देही, धनगढी आदि हुन् । उक्त जिल्लाहरू मध्ये मध्यमाञ्चलका सर्लाही, रौतहट, महोत्तरी, वारा र धनुषा तथा पश्चिमाञ्चलका नवलपरासी, कपिलवस्तु जिल्लाहरू क्षेत्रफलको हिसाबले बढी नै स्थान ओगटेको छ । नेपालको कुल उँखु उत्पादन २००७ मा हालसम्मको बढी २५९९७९० मे.ट. तत्पश्चात २००८ मा २४८५४४० र २००९ मा २३५४४१० मे.ट. रहेको छ । यसबाट यो प्रष्ट हुन्छ कि वर्षेनी उँखु उत्पादनमा खस्किदो अवस्था छ ।

*उँखु उत्पादन गर्ने प्रमुख जिल्लाहरुको विवरण (कृषि, भूमि तथा सहकारी मन्त्रालय, २००९-१०को तथ्याङ्क अनुसार)

* क्रमिकसँग सिजनमा श्रीराम सुगर मिल्स, गरुडा रौतहटले लगभग २० लाख क्विन्टल, ईन्दु शंकर चिनी मिल, हरिऔनले २५ लाख क्विन्टल तथा एभरेष्ट सुगर मिल्स, रामनगरले २२ लाख क्विन्टल उँखु पेलेको थियो । उँखुको भाउ पनि सरकार, उँखु उत्पादक, संघ तथा चिनीमिल मालिकको निर्णयले वृद्धि गरी रु.४११.५ प्रति क्वीन्टल मूल्य निर्धारण गरेको थियो । उँखु उत्पादनबाट कृषक, मिल व्यवस्थापक, कर्मचारी तथा उपभोक्ता सम्पूर्णको हकमा धेरै नै महत्वपूर्ण रहेको छ । तथापि कृषक, कर्मचारी, मिल व्यवस्थापन तथा उपभोक्ता सबै वर्गमा समस्या नै समस्या रहेको छ । जुन सरकार, मिल व्यवस्थापक, उँखु कृषक सबै संवेदनसील हुनु आवश्यक देखिन्छ ।

***उँखु खेती तथा फाईदाहरू :***

- ठूलो तथा मध्यम किसानले धान, गँहु खेतीमा पटक पटकको श्रमिक एवम् खर्च लगाउने झन्झटिलो हुनबाट बच्न सकिन्छ ।
- उँखुबाट सोझै एकमुष्ठ ठुलो रकम आउन सकिने नगदे बाली हो, जसबाट कुनै ठुलो नयाँ काम गर्न सहयोग मिल्दछ ।
- उँखु रोपाई तथा कटाईको बेला कृषकहरूलाई फुर्सद रहने भएको हुनाले श्रमिक तथा कृषि औजारहरूको प्रयोगमा कुनै प्रतिस्पर्धा हुँदैन ।
- एक वर्ष लगाएपछि २/३ वर्षसम्म काट्न सकिने भएको एक रोपाई ३ कटाई गरीने बाली भनिन्छ । जसले गर्दा लागत कम आम्दानी बढी हुन्छ ।
- उँखु खेतीबाट कटाईको बेला सुकेका पातहरूले गरीबहरूको दाउराको समस्या हल भई वन जङ्गल कटानीको नियन्त्रणमा पनि सहयोग पुऱ्याउँछ ।
- उँखुको हरियो माथिल्लो टुप्पा तथा पात गाई, बस्तुको लागि पोषिलो घाँस मानिएको हुनाले दूध उत्पादन समेतमा सहयोग पुऱ्याउँछ ।
- यसबाट छाडा पशु पालन नियन्त्रण हुनुका साथै खाली जमीनको सदुपयोग हुन्छ ।
- उँखुको सुकेका पात तथा पतिङ्गरबाट घर छाउनुका साथै राम्रो कम्पोष्ट मल बनाउन सकिने भएको हुनाले यसको खेती गर्न बाह्य रासायनिक मल नभए पनि हुने बाली हो ।
- उँखु चिनी मिलमा पठाउन नचाहे भेली बनाएर पनि ३०-३५ रु. प्रति के.जी को दरले बेचेर राम्रो आम्दानी गर्न सकिन्छ वा खाद्यसारीमा पनि पठाएर आम्दानी गर्न सकिन्छ ।
- उँखु खेती अरु बाली गर्न नसकिने जग्गा जस्तै पानी जम्ने, कम मलिलो, अम्लिए, क्षारीय माटो असिञ्चित समेतमा गर्न सकिन्छ ।
- उँखु खेतीलाई उम्रेको केही दिन पछि असिना, धेरै चिसो, छाडा गाईवस्तुले धेरै नोक्सान पुऱ्याउन सक्दैन ।
- उँखु खेतीमा ढुवानी, कटानी, रोपाई माटो चलाउन तथा मिलमा कर्मचारी श्रमिकहरूको धेरै आवश्यकता भएको हुनाले वेरोजगारी समस्या समेत समाधान गर्न सकिन्छ ।
- उँखु बालीको उम्रने अवधि लामो तथा वृद्धि विस्तारै हुने भएकोले दुईवटा पंक्तिको बीचमा अर्को नगदे बालीहरू जस्तै : तोरी, मसुरो, धनिया, खुर्सानी, हरियो मल बाली जस्तै : मुंग, बोडी उत्पादन गरी अतिरिक्त फाईदा लिन सकिने बाली हो ।
- धेरै रोग किरा नलाग्ने, लागे पनि एकदमै धेरै नोक्सान नहुने बाली हो ।
- सिँचाईको सुविधा मै भर नपर्ने बाली हो ।
- उँखुबाट भेली बनाउँदा लाग्ने सम्पूर्ण दाउरा उँखु पेल्ने मेशीनबाट निस्किने सिटीबाट प्राप्त गर्ने गरिन्छ ।

- चिनी मिलले यसको उप-उत्पादनहरू जस्तैः स्पिरिट, अलकोहल, मोलासीयस, प्रेसमड तथा मल पनि बनाएर थप आम्दानी गर्ने गरिन्छ ।

*उँखु खेती न फस्टाउनुका कारणहरू :*

(क) कृषकस्तरका :

- कृषकले एकदमै हेलचक्र्याई गरी उँखु खेती गरेको ।
- गरीब कृषकहरूले रोप्ने बेलाको बढी लागत धान्न नसकेको ।
- सिफारिस अनुसारको उन्नत खेती प्रविधि अपनाउन नसक्नु ।
- ऋण तथा वितिय सुविधा प्राप्त नगर्नु ।
- सिँचाई, मल चाहिएको बेलामा उपलब्ध नहुनु ।
- उँखु ढुवानी गर्न चिनी मिलबाट दिईने पुर्जी (चलान) समयमा नपाउनु एकको चलान अर्कोलाई दिनु वा बेच्नु ।
- उँखु ढुवानीका साधन नपाउनुका साथै ढुवानी साधन तौल हुने (संकलन केन्द्र) काँटा/मिलबाट छिट्टै खाली नहुनु ।
- उँखुको रकम पाउन धेरै समय लाग्नु ।
- चिनी मिलको प्राविधिकबाट प्राविधिक सहयोग सरसल्लाह नपाउनु ।
- उँखु ढुवानी फाल्गुन भित्र गर्न सकियो भने निःशुल्क कटानी हुने, पछि गर्मीको कारण घाँस कम प्राप्त तथा मसुरो गहुँ कटानीमा व्यस्त हुने भएकोले पछि ढुवानी गर्न उचित नमान्ने ।
- चिनी बढी पर्ने उद्देश्यले मिलले समयमा मिल चालु नगर्नाले कृषकलाई अनावश्यक दुःख हुनु ।

(ख) चिनीमिल स्तरका :

- मिल सुचारु रुपले नचली मेशिनरी समस्या हुनु ।
- मिलमा दैनिक क्रसिङ्गको क्षमता बढी उँखु मिल/काँटामा भीड लाग्नु ।
- मिलमा कर्मचारीहरूद्धारा हडताल बन्द गर्नु ।
- नियमित तरिकाले उँखु ढुवानी नहुनु ।
- उखु प्राविधिकहरूले छिटो, मुख्य सिजन तथा ढिलो जातका उँखुहरूको खेती नगराई जथाभावी गराउनु ।
- नगदी किन्न सक्ने पूँजी नहुनु, चिनी तुरुन्तै बिक्री गर्न नसक्नु ।
- धेरै चिनी पर्ने उँखु/खुंटी जात व्यवस्थित भएर मिलमा नपुग्नु ।
- कहिले काहीं ट्रक, टैक्टर, बिग्रेर जाममा पर्नुले मिल निरन्तर रुपमा नचल्नु ।
- मिलमा क्षेत्रफल उत्पादन तथा मिलको क्रसिङ्गको क्षमताको तालमेल नमिल्नु ।
- कर्मचारीहरूले कृषकबाट पैसा लिई चलान दिनु ।
- कर्मचारीहरूले घरमा बसेर सबै गर्नु ।
- काँटामा एकको उँखु अर्कोमा थपेर बेच्नु ।
- उँखु सालै भरि प्राप्त नहुनुका साथै भण्डारण गर्ने व्यवस्था नहुनु ।
- मिलले आफ्नो एरियाको उँखु हुँदा-हुँदै अर्को मिलका कृषकको उँखु नगदी खरीद गर्नाले समस्या उत्पन्न हुन्छ ।
- नियमित कृषकको रकम नदिई अनियमित कृषकको रकम अनियमित तरिकाले भुक्तानी दिनु ।
- संगठित र व्यवस्थित तरिकाको कमी तथा मिलबाट समयमा अनुगमन नहुनु ।
- मोरहन र खुँटी उँखु उत्पादनका प्रविधि राम्रो किसिमले कृषकलाई नदिनु ।

(ग) नेपाल सरकार स्तरको :

- सरकारको नितीमा उँखुलाई प्राथमिकतामा नपार्नु तर यसपालि देखि उँखुलाई राष्ट्रिय बालीको रुपमा घोषणा भएको ।
- सिँचाई, उन्नत जातको बिउ तथा मलको उपलब्धता समयमा नगराउनु ।
- उखुमा अध्ययन अनुसन्धान गराउन नठान्नुका साथै उक्त विषयमा उद्योगपतिलाई जिम्मेवारी हुने धारणा हुनु ।
- वितिय व्यवस्था तथा ऋण उपलब्ध गराउन नसक्नु ।
- कम उत्पादन लागत लाग्नका लागि उन्नत कृषि औजार मेशिनरीको व्यवस्था नगराउनु ।
- चिनी आपूर्ति तथा आयात निर्यातको नीतिगत व्यवस्था मिलाउनु ।
- कृषक, कर्मचारी तथा मिल बीचको द्वन्द्वको अनुगमन तथा सही सहजीकरण नगर्नु ।

*उँखु उत्पादक र चनी मिल बिच हुने झन्झट वादविवाद सुल्झाउन केही उपायहरू :*

- उँखु उत्पादक कृषक समूह गाउँ गाउँमा गठन ।
- प्राविधिकको सहजीकरणमा उँखु जातको छनौंट तथा खेती प्रविधिको बारे तालिम ।
- समूहद्धारा छिटो, मुख्य सिजन तथा ढिलो जातका उँखु रोप्ने तालमेल आफै मिलाउने ।
- क्षेत्रफल तथा तथा उँखु जातको तथ्याङ्क कृषक समूह आफैले मिलमा जानकारी गराउने ।
- नेपाल सरकारले अथवा चिनी मिलले उँखुको रकमवाट पछि काट्ने गरी बिउ, मल, सिँचाईं, विषादिको व्यवस्था न्युनतम् व्याजमा समूहको आवश्यक मागको आधारमा दिने ।
- कृषक समूहद्वारा चिनी मिलसँग उँखु कटानी भन्दा अगाडी कति टन उँखु कहिले आपूर्ति गराउने कुराको सम्झौता गर्ने ।
- कृषकहरूको उँखुको सप्लाई गरेको रेकर्ड समूहले राख्ने तथा सो तौल बराबरको रकम भुक्तानीको लागि समूहको बैंक खाता वा कृषकको बैंक खातामा कहिले पठाउने सोको एउटा पत्र पठाई जानकारी गराई खातामा समय समयमा रकम पठाईदिने गर्नु पर्दछ ।
- यस तरिकाले गर्दा चलान लिन, स-साना ढुवानी साधनको भीड नलाग्ने, रकम लिन सम्पूर्ण कृषक जानु नपर्ने, थोरै कर्मचारीमा काम हुने, रकम चोरीको सम्भावना नहुने, निरन्तर उखु उत्पादक तथा चिनी मिल मालिक बीच गरमा गरम नहुने जस्ता फाइदा हुन्छ ।

*निष्कर्ष* :

हाम्रो देशको तराईको भू-भागलाई प्रकृतिको वरदानको रुपमा भएकोले यसबाट अरु देशको तुलनामा उँखु खेतीको सम्भावनालाई दृष्टिगत गरी अति नै उत्पादन योग्य बनाउन तथा धेरै जस्तो जग्गा खाली हुन नदिनु नगदे उँखु बालीमा नेपाल सरकार (राजनीतिज्ञहरू समेत), चिनी उद्योगपति र कृषक समेत एकदमै जोड दिनुपर्ने अवस्थालाई नबिर्सेर कुल ग्राहस्थ उत्पादनमा कृषिको भूमिका हराउँदै गईरहेको अवस्थामा हामी सबैले तुरुन्तै पहल गर्नु पर्ने देखिन्छ । अन्यथा कपास, कार्पेट, गार्मेन्ट, अदि जस्तै चिनी मिल पनि बन्द हुन केही बेर नहोला साथ-साथै हाम्रो निर्भरता अरु देशमा समेत बढ्ने देखिन्छ ।

# फ्लोरा एक्स्पो २०८१ सम्पन्न

काठमाडौं कार्तिक १३, तिहारको महोत्सव, फूलको उत्सव ' भन्ने नाराका साथ नर्सरी व्यवसायी संघ, नेपालले तिहार लक्षित ५




दिने फूल मेला सम्पन्न भएको छ । संघले ९ देखि १३ गतेसम्म 'दोश्रो तिहार फ्लोरा एक्स्पो(२०८१' आयोजना गरेको हो । पुष्पप्रेमी, जडिबुटीप्रेमी, फलफूलप्रेमी र वनजन्य हरियाली गार्डेन प्रेमीलाई लक्षित गरी एक्स्पो आयोजना गरिएको आयोजकले बताए । उक्त एक्स्पोमा ६५ वटा व्यावसायिक स्टललगायत वनस्पति विभाग, पुष्प विकास केन्द्रसहितको अफिसियल ३ वटा स्टल तथा प्रतिस्पर्धाको २ वटा स्टल समेत गरी ७० वटा स्टल रहेका थिए ।

एक्स्पोमा विभिन्न प्रजातिका फूल फुल्ने तथा नफुल्ने आलङ्कारिक फूल बिरुवाहरूलगायत कृषि तथा वन, जडिबुटी नर्सरी, फलफूल नर्सरीबाट उत्पादित विविध प्रजातिका बोटबिरुवाहरू प्रदर्शनी तथा बिक्री वितरणको लागि राखिएका थिए । साथै मलखाद, अर्गानिक एवम् रासायनिक विषादी, बीउ विजन, औजार उपकरण तथा प्रविधिहरूको समेत स्टल समेत रहेका छन् ।

एक्स्पोको प्रवर्द्धन संस्थाहरूमा पुष्प विकास केन्द्र, वनस्पति विभाग रहेको छ, भने विशेष सहयोगी संस्थाहरुमा शलोम एग्रिकल्चर प्रा.लि., अर्गानिक बायो फर्टिलाइजर प्रा.लि., सेवा म्यानुफयाक्चरिङ र ग्रिस्मा नर्सरी रहेका छन् । संघका अध्यक्ष रामजी प्रसाद तिमिल्सिनाले आयात्लाई प्रतिस्थापन गर्न, आत्मनिर्भर बन्न र युवा स्वरोजगारको सिर्जना गर्न एक्स्पो आयोजना गरिएको बताए ।

संघले व्यवसायीहरुको क्षमता विकासका लागि स्वस्थ प्रतिष्पर्धा गराई व्यवसायीहरुको हौसला बढाउन शिल्ड नगद तथा प्रमाण( पत्रद्वारा पुरस्कृत गरिएको छ । उक्त एक्स्पोले आर्थिक मन्दीले सुस्ताएका हरित अर्थतन्त्र विकासमा संग्लन उद्यमी व्यवसायीहरू तथा यस व्यवसायप्रति रुचि राख्ने समग्र कृषि क्षेत्रमा लगानी गरेर रोजगारी सिर्जना गर्ने व्यवसायीहरुलाई उत्साहित बनाउने संघले जनाएको छ । संघका अनुसार एक्स्पोमा अवलोकन गर्न सर्वसाधारणहरुको लागि प्रवेश शुल्क प्रति व्यक्ति १ सय रुपैयाँ र विद्यार्थीहरु तथा ज्येष्ठ नागरिकहरुका लागि प्रतिव्यक्ति ५० रुपैयाँ प्रवेश शुल्क तोकिएको छ ।

# कृषियन्त्रको प्रयोगसँगै किसान उत्साहित

घोराही (दाङ) कार्तिक १२, दाङमा कृषि उपकरणको प्रयोग बढ्दै गएको छ । यसले व्यावसायिक रुपमा कृषि कर्म गर्दै आएका किसानलाई सहज भएको छ । उत्पादन समेत बढेको छ ।

खेती गर्न जनशक्ति, लागत र समय कम लाग्ने भएपछि पछिल्लो समय जिल्लामा कृषि उपकरणको प्रयोग बढ्दै जान थालेको छ । कृषि व्यवसाय गर्नेको सङ्ख्यामा कमी आएको समयमा कृषियन्त्रको प्रयोगले किसानलाई सहजतासँगै उत्साहित बनाएको राजपुर गाउँपालिका-६ गङ्गदीका किसान निमराज चौधरी बताउँछन् । सानो परिवार भएको समयमा खेती गर्न समस्या भइरहेको बेला कृषियन्त्रको प्रयोगले खेती गर्न सहज भएको उनी बताउँछन् ।

जोत्नेसँगै धानलगायतका अन्यबाली दाउँनेसमेत व्यवस्था भएपछि सानो परिवारले पनि छोटो समयमा धेरै खेती गर्न सकिने बनाएको चौधरी बताउँछन् । आधुनिक तरिकाले खेती गर्दा सहज भएको उनको भनाइ छ । थोरै खेती गर्दा पनि वर्षभरी खान पुगेको अनुभव उनको छ ।

चौधरीले भने, "अहिले प्रविधिको प्रयोगले खेती गरिदिने व्यक्ति खोज्नुपर्ने बाध्यता हटेको छ, गाउँमा पछिल्लो समय गोरु पाल्न छोडिसकेका छन् । तर प्रविधिको सहयोगले खेतबारी जोत्नेदेखि दाउनेसम्म व्यवस्था भएपछि अहिले धेरै राम्रो भएको छ ।" राजपुर गाउँपालिका(६ गङ्गदीमा रहेको बड्का बगिया कृषि सहकारी संस्थाका अध्यक्षसमेत रहका चौधरीले कृषि सहकारीले पनि विभिन्न कार्यक्रममार्फत किसानलाई सहयोग गर्दै आएको बताए ।

विगत केही वर्षयता ट्याक्टरको सहायताले धान बोक्ने, दाउनेसँगै खेतबारी जोत्ने काम गर्दै आएको राजपुर गाउँपालिका(५ सालभौरीका गोविन्द चौधरी बताउँछन् । उनले भने, "सानो परिवारमा खेती गर्न समस्या हुने गरेको थियो । तर प्रविधिको प्रयोगले जोत्नेदेखि बोक्ने र दाउने समेत गाउँमै व्यवस्था भएपछि खेती गर्नलाई सजिलो भएको छ ।" उनका अनुसार कृषियन्त्रको प्रयोगले पछिल्लो समय आफूजस्ता गाउँभरका किसानलाई सहजता भएको बताए ।

कृषि सहकारीले पनि ५० प्रतिशत अनुदानमा कृषि उपकरण, बीउ विजनसमेत प्रदान गर्दा सहज भएको चौधरी बताउँछन् । कृषिमा काम गर्ने व्यक्तिको अभावमा खेतबारी बाँझो भइरहेको समयमा कृषियन्त्रको प्रयोगले किसानलाई सहजतासँगै उत्साहित बनाएको उनले बताए । चौधरीले भने, "गाउँमा जोत्नका लागि गोरु

**बाँकी ......२४ पृष्ठ**

# फूल प्रदर्शनी २०८१ सम्पन्न

ललितपुर, कार्तिक ११, 'रोपेर फूल गोदावरी, सजाऔं घर आँगन वरिपरि' भन्ने नारासाथ फ्लोरिकल्चर एसोसिएसन नेपाल (फ्यान)ले तिहार लक्षित गरेर गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शन शुरु गरेको छ। पुष्प व्यवसायीहरूको छाता संगठन फ्यानले '१७ औं गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनी(२०८१' सम्पन्ने गरेको हो। फूलहरूको चाड तिहारमा गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनी कार्तिक ८ गतेदेखि ११ गतेसम्म ललितपुरको जावलाखेलस्थित खेल मैदानमा शुरु भएको छ। उक्त प्रदर्शनीको समुद्घाटन बाग्मती प्रदेश सरकारका कृषि तथा पशुपन्छी विकास मन्त्रालयका मन्त्री प्रकाश श्रेष्ठले गरेका छन्।

श्रेष्ठले मेलाबारे जानकारी सहित स्वागत मन्तव्य राखेका थिए। यस्तै, नेपाल चेम्बर अफ कमर्शका उपाध्यक्ष दिपक श्रेष्ठ, कृषि विभागका निर्मित्त महानिर्देशक जगन्नाथ तिवारी, वनस्पति विभागका महानिर्देशक डा. संजिव राई, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष सुर कृष्ण बैधे र वाग्मती प्रदेश सरकार अन्तगर्तको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका मन्त्री प्रकाश श्रेष्ठले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। साथै समुद्घाटन कार्यक्रममा मेला संयोजक राम बहादुर तामाङले धन्यवाद ज्ञापन सहित सभा विसर्जन गरेका थिए।

प्रदर्शनीमा सहभागी नर्सरी/फर्महरूले उत्पादन गरेको गोदावरी फूलको ५ वटा (



समुद्घाटन कार्यक्रमको अध्यक्षता फ्यान तदर्थ समितिका अध्यक्ष तथा संस्थापक सुरेश भक्त श्रेष्ठले गरेका थिए, भने प्रमुख आतिथ्यता वाग्मती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयका मन्त्री प्रकाश श्रेष्ठले गरेका थिए। यसैगरी, विशेष अतिथिमा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष सुर कृष्ण वैद्य रहेका थिए, भने अतिथिहरुमा वनस्पति विभागका महानिर्देशक डा.संजिव राई, नेपाल चेम्बर अफ कमर्शका उपाध्यक्ष दिपक श्रेष्ठ, कृषि विभागका निर्मित्त महानिर्देशक जगन्नाथ तिवारी, महानगरीय प्रहरी परिसर ललितपुरका प्रहरी प्रमुख शेखर खनाल, कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्रका प्रमुख टिकाराम शर्मा, फ्यानका पूर्व अध्यक्षहरुलगायत रहेका थिए। समुद्घाटन कार्यक्रममा फ्यान तदर्थ समितिका अध्यक्ष तथा संस्थापक सुरेश भक्त

गोदावरीको मिनियचर, स्पाइडर, रिफ्लेक्स, इन्कर्भ र गोदावरीको कट फ्लावर) प्रजातिमा प्रतिस्पर्धा गराई पुरस्कृत समेत गराइएको छ। साथै प्रदर्शनीमा सहभागी भएको नर्सरी व्यवसायीहरूलाई उत्साह थप्नका लागि उत्कृष्ट स्टलतर्फ पनि प्रतिस्पर्धा गराई पुरस्कृत समेत गराइएको छ। जसमा सम्झना नर्सरी प्रथम, अरुण नर्सरी द्वितिय र थापा नर्सरी तृतीय स्थान हासिल गर्न सफल भएका छन् , भने उत्कृष्ट मिनियचरतर्फ दिक्षा नर्सरी, उत्कृष्ट कट फ्लावरतर्फ नवासेवा नर्सरी र उत्कृष्ट स्टलतर्फ माई नर्सरीलाई पुरस्कृत गरिएको छ। पुरस्कृत हुने नर्सरी/फर्मलाई बाग्मती प्रदेश सरकार अन्तगर्तको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका मन्त्री प्रकाश श्रेष्ठले सिल्ड, नगद तथा प्रमाण(पत्र वितरण गरेका थिए। प्रदर्शनीमा ६८ वटा व्यावसायिक स्टल, २ वटा प्रतियोगितात्मक स्टल, ४ वटा अफिसियल स्टल र सेल्फी स्टल १ वटा गरी ७५ वटा प्रदर्शनी कक्ष रहेका थिए। उक्त प्रदर्शनीको सहयोगीको रुपमा बाग्मती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय र कृषि पुर्वधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र रहेका छन्, प्रायोजक संस्थाको रुपमा अर्गानिक बायो फर्टिलाइजर प्रा.लि., नेपाल थोपा सिँचाई प्रा.लि. लगायत संघ/संस्था रहेका थिए।

उक्त प्रदर्शनीमा नेपालमा व्यावसायिक रूपमा उत्पादन हुँदै आएका र यस वर्ष भित्रिएका गोदावरी फूलको केही नयाँ प्रजातिसमेत प्रदर्शनी तथा बिक्री वितरणका लागि राखिएका छन्। यसका साथै यस सिजनमा फुल्ने सयपत्री, मखमली तथा अन्य सिजनल फूल बिरुवाहरुको समेत प्रदर्शनीमा रहेका छन्। फ्यानका अनुसार यस प्रदर्शनीबाट पुष्प व्यवसाय सञ्चालन गर्न चाहने, घर/आँगन तथा बगैंचा सजाउन चाहने, फूल बिरुवा प्रति अभिरुची राख्ने र यस सम्बन्धी ज्ञान हासिल गर्न चाहने सबैको निम्ति उपयोगी हुने छ।

पुष्प व्यवसायका क्षेत्रमा भए गरेका नयाँ( नयाँ प्रविधि र उपलब्धि सहितका जानकारी पनि प्रदर्शनी स्थलमा नै प्रदान गरिने व्यस्था गरिएको छ। फ्यानले पुष्प व्यवसायको व्यवसायिक विकास विस्तार तथा प्रवर्द्धन गर्ने उद्देश्यले वि.सं. २०५१ सालदेखि लगातार पुष्प मेला/प्रदर्शनीको आयोजना गर्दै आएको छ।


Radio Program Production Workshop
for
**Indigenous Journalists working in Indigenous Community Radio in Nepal**
November 25-27, 2022
Kathmandu
In partnership with: AMARC Asia-Pacific
Supported by: UNESCO Office in Kathmandu
Organized By: Indigenous Community Radio Network (ICRN)

# करोड बढीको कारोबार गर्दै सम्पन्न भयो १७ औं गोदावरी पुष्प मेला

ललितपुर कार्तिक ११, ललितपुरको जावलाखेल मैदानमा चलेको १७ औं गोदावरी पुष्प मेला सम्पन्न भएको छ। चारदिनदेखि चलेको मेलामा ४३ हजार ६ सयले अवलोकन गर्दा १ करोड १८ लाखको



कारोबार भएको फ्लोरिकल्चर एशोसिएसन नेपालले जनाएको छ। एसोसिएसन आयोजनामा कार्तिक ८ गतेदेखि शुरू भएको मेलामा पहिलो दिन ६ हजार ९ सय जनाले अवलोकन गर्दा २५ लाखको कारोबार भएको हो।

दोस्रो दिन ९ हजार ८ सय जनाले अवलोकन गर्दा २५ लाख रुपैयाँ बराबरको कारोबार भएको र तेस्रो दिन हिजो (शनिवार) १५ हजार ९ सय जनाले अवलोकन गर्दा ५० लाखको कारोबार भएको थियो भने अन्तिम दिन ११ हजारले अवलोकन गर्दा २८ लाखको कारोबार भएको आयोजकले जनाएको छ। चार दिनसम्म चल्ने मेलामा ४० हजार बढीले प्रत्यक्ष अवलोकन तथा एक करोडभन्दा बढीको व्यवसायिक कारोबार हुने आयोजकको प्रक्षेपण भएपनि लक्ष्यभन्दा बढी कारोबार र अवलोकनकर्ताको भएको मेला संयोजक रामबहादुर तामाङले बताए।

पुष्प व्यवसाय प्रवर्धनका सम्वन्धमा समय अनुकूल पुष्पको जातिय विकास एवं गुणस्तरिय उत्पादनमा सहयोग पुऱ्याउनका लागि प्रदर्शनी आयोजना गरिएको हो।

मेला अवधिभर अवलोकनकर्ताले सबैभन्दा बढी बहुवर्षे फुल्ने फूलप्रति बढी आकर्षण भएको देखिएको र त्यही बढी मात्रामा खरिद भएको फ्लोरीकल्चर एसोसिएसन नेपालका निवर्तमान अध्यक्ष मिनबहादुर तामाङले बताए।

इन हाउस ग्रीन प्लान्टको पनि बिक्री राम्रै देखिएको उनले बताए। मेलाको अवलोकनका लागि विभिन्न अनुसन्धानकर्ता, कलेज तथा स्कुलका बालबालिकाहरू आएका थिए। चार दिने मेलामा व्यवसायिक स्टल ६८, प्रतियोगितात्मक स्टल २, अफिसियल स्टल ४ र फोटो पारखीरुका लागि सेल्फी स्टल १ गरि जम्मा ७५ वटा प्रर्दशनी कक्षहरु रहेका थिए। विगत वर्षमा झैं यस वर्ष पनि गोदावरी फूलको ४ वटा विधा (मिनियचर, रिफ्लेक्स, स्पाईडर र ईनकर्भ) मा प्रतिस्पर्धा गराएको थियो।

नेपालमा वि.सं. २०११ बाट सामान्य स्तरमा शुरू भएको पुष्प व्यवसाय, शहरीकरणको विकास तथा विस्तारसँगै सातै प्रदेशका मुख्य शहरहरू लगायतका अन्य क्षेत्रमा समेत फैलँदो अवस्थामा रहेको छ।

हाल ५२ जिल्लामा लगभग २६० हेक्टर क्षेत्रफलमा पुष्प व्यवसाय गरिरहेका छन् भने १ हजार १७४ भन्दा बढी पुष्प व्यवसायीहरू संलग्न रहेको यस व्यवसायमा ८ अर्ब ८३ करोड भन्दा बढीको लगानी रहेको फ्लोरिकल्चर एसोसिएसन नेपालले जनाएको छ।

पुष्प व्यवसायमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा गरि अनुमानित ५१ हजार ५०० भन्दा बढी जनशक्तिहरू रोजगार रहेको छ। फ्लोरिकल्चर एसोसिएसन नेपालले उपल्बध गराएको तथ्याङ्क अनुसार नेपालमा हरेक वर्ष पुष्प व्यवसाय फस्टाउँदै गएको देखाएको छ।

आर्थिक वर्ष २०७५/६ मा पुष्पको बार्षिक कारोबार रु.२ अर्व ४२ करोड रहेकोमा आर्थिक वर्ष ०७७/७८ मा बर्षे भरी कोभिड महामारीको कारण पुष्पको व्यवसायिक कारोबारमा कमी आई जम्मा रु. १ अर्व ६३ करोड मा खुम्चिएको थियो भने आर्थिक वर्ष २०७८/०८९ मा कोभिडको असर केहि कम हुँदा पुष्पको वार्षिक कारोबारमा केही वृद्धि भएको थियो।

गत आर्थिक वर्ष ०७९/८० मा रु.३ अर्व ७ करोड भन्दा बढीको कारोबार भएकोमा अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०८०/८१ मा १९.८६ प्रतिशतले वृद्धि भई रु.३ अर्व ६८ करोड भन्दा बढीको कारोबार भएको छ।

भन्सार विभागको तथ्याङ्क अनुसार यसै आर्थिक वर्ष ०८०/८१ मा पुष्प तथा पुष्पजन्य वस्तुको वार्षिक निर्यात् कारोबार रु. एक करोड २ लाख १२ हजार भएको छ भने आयात तर्फ रु. २७ करोड ७९ लाख ५ हजारको कारोबार रहेको छ।

---

**कृषि यन्त्रको .....**

छैनन्,। त्यसैमा अधिकांश घरका पुरुष कमाउनका लागि देश बाहिर छन्। यसले अधिकांशको खेतभरी बाँझै रहने अवस्था थियो। तर गाउँमा जोत्न ट्र्याक्टर र दाउन थ्रेसर भएपछि अधिकांशले खेती गर्ने गरेका छन्।"

धान काट्न, बोक्न र दाउनका लागि करिब एक महिना लाग्ने गरेको चौधरीले बताए। उनले भने, "पहिले धान काट्ने र घरमा ल्याएर दाउन एक महिना लाग्ने गरेको थियो। तर अहिले प्रविधिको सहायताले एक हप्तामै सबै काम सकिन्छ। बचेको समयमा अन्य धेरै काम गर्न सकिने भएको छ।"

बड्का बगिया कृषि सहकारी संस्थाका कृषि प्राविधिक कृष्णा चौधरीले कृषियन्त्रको प्रयोगले किसानलाई सहज भएको बताए। कम जनशक्तिले पनि धेरै उत्पादन गर्न सकिने उनले बताए। सहकारीमार्फत पनि कृषिसम्बन्धी विभिन्न चेतनाका कार्यक्रमसँगै कृषियन्त्र, मल, बीउलगायत किसानलाई ५० प्रतिशत अनुदानमा दिँदै आएको चौधरी बताउँछन्।

# बहुगुणी वनस्पति “काँढे धनिया”

गोपाल जिटी

स्याङ्जा बहुगुणी भएर पनि बेवास्तामा परेको रैथानेबाली मध्ये काँढे धनियाँ पनि एक हो । काँढे धनियाँ बाह्रै महिना पाइने वनस्पति हो । यो मुख्यगरी मध्य पहाडी क्षेत्रमा पाइने वनस्पतिमा पर्दछ । यो चिस्यान रहिरहने ओसिलो ठाउँमा प्रसस्त हुने गर्दछ । यसलाई अन्य वनस्पतिको डसाइले त्यति असर नगर्ने



भएकाले घुसुवाका रुपमा पनि हुने गर्दछ । यसबाट मिश्रित रुपमा पनि लगाउन सकिने देखिन्छ । कृत्रिम र आयातित् स्वादको पछि लाग्ने बानीले यस्ता धेरै बहुगुणी रैथाने वनस्पति यसै सडेर गएका छन् । जसका कारण रोग निम्त्याउने र पैसा बाहिर पठाउने काम भैरहेको अनुमान गर्न सकिन्छ ।

काँढे धनियाँलाई मसलाको रुपमा लिइन्छ । त्यसैले काँढे धनियालाई प्राकृतिक मसलावाली भनेर पनि चिनिन्छ । यो खेत वा बारीको कान्लाहरुमा सहजै हुने र पाइने भएकाले कतै कतै कान्ले धनियाँ पनि भन्ने गरिन्छ । मध्य पहाडी क्षेत्रका गाउँ वस्तीहरुमा प्रायजसो तरकारीमा मसलाका रुपमा प्रयोग गरिन्छ । यसका साथै सिलौटामा गोलभेंडासँगै पिँधेर बनाइएको चटनी निकै वास्नादार र स्वादिलो हुन्छ । अरुचि भएका बेलामा काँढे धनियाँको प्रयोगले खाउँ खाउँ लाग्ने बनाउँछ । यसको वास्ना र स्वादका पारखीहरुका लागि माछा मासुमा पनि उत्तिकै उपयोगी मानिन्छ ।

काँढे धनियाँ सँधै पाइने वनस्पति भएता पनि असोज कात्तिक महिना अझ बेसी हुने र फस्टाउने समय हो । पातहरु फेदैदेखि नै ठाडोगरी पलाउने गर्छ । यसको फल भन्दा पनि पातलाई नै खाने गरिन्छ । लामो र हरियो पातको छेउमा मसिना काँडा हुन्छन् । यो फल्नका लागि फूलेका बेलामा तीखा तीखा काँडाहरु आउने भएकाले पनि यसलाई काँढे धनिया भनिएको हुनुपर्छ । चिस्यान

*यो मसला बाली अन्तर्गत पर्दछ, तर यसलाई खेतिकोरुपमा गरिएको छैन । वास्तवमा काँढे धनिया वेवास्तामै परेको हामीलाई पनि लागेको छ । बजारमा यदाकदा ल्याइए पनि नियमितता नभएका कारण उपभोक्ताहरुको भान्छामा कहिले काहीं मात्र प्रयोगमा आएको देखिन्छ ।*

पुऱ्याइएको खण्डमा समथर भू(भागमा पनि लगाउन सकिन्छ । यसलाई कुनै रासायनिक मलको आवस्यकता पर्दैन । प्राङ्गारिक मल वा गोबर मल भए पुग्छ । त्यसो त यसलाई अरु बालीमा जस्तो त्यति धेरै मल नराखे पनि हुन्छ ।

पोषणविद्हरुको भनाई अनुसार काँढे धनियाँ खानामा स्वाद एवम् रुचि बढाउनुकासाथै स्वास्थ्यप्रद मसला बाली हो । यसले मुटुलाई जोगाइराख्न मदत गर्छ । पोषणविदहरुले सामाजिक सञ्जाल फेसबुक र बिभिन्न सञ्चार माध्यम मार्फत यसरी सुझाईएको पाइन्छ । उनिहरुका अनुसार काँढे धनियाँमा क्यालसियम, आइरन, राईबोफ्लेमिन, क्यारोटिन जस्ता तत्वहरु यसमा पाइन्छन् । रुघाखोकी, वान्ता हुने, कब्जियत तथा पखाला लागेमा यसको सेवन लाभदायक मानिन्छ । मधुमेह, फोक्सोको समस्या वा दम रोगीका लागि पनि यो उपयोगी मानिन्छ ।

यसले गुल्कोजको मात्रा घटाउने, शरीरमा भएका विषाक्त पदार्थ शुद्धिकरण गर्छ ।

स्नायु सम्बन्धी समस्या, अल्जाइमर, पार्किन्सन रोगको लागि पनि उत्तिकै फाइदाजनक हुन्छ । यति धेरै लाभदायक हुँदाहुदै पनि काँढे धनियाँ कमै प्रयोग भएको पाइन्छ ।

चटनी तथा तरकारीमा राख्दा मगमग बसाउने र स्वादिलो हुनुकासाथै स्वस्थकर जैविक वनस्पति खेतबारीका कान्ला र खरबारीमा यत्तिकै उम्रिएर फैलिएका हुन्छन् । यतिसम्म कि घाँस काट्दा काँढाले घोच्छ भनेर विन्याएर फालिन्छन् । पछिल्लो समयमा आएर पोखरा र बुटवलका तरकारी बजारहरुमा यदाकदा बिक्री गर्न थालेको पाइन्छ । वालिङ नगरपालिकाको कृषि विकास शाखाका प्रमुख केसबहादुर थापा भन्नुहुन्छ । काँढे धनियाँ हाम्रो रैथाने वनस्पति हो । यो मसला बाली अन्तर्गत पर्दछ, तर यसलाई खेतिकोरुपमा गरिएको छैन । वास्तवमा काँढे धनिया वेवास्तामै परेको हामीलाई पनि लागेको छ । बजारमा यदाकदा ल्याइए पनि नियमितता नभएका कारण उपभोक्ताहरुको भान्छामा कहिले काहीं मात्र प्रयोगमा आएको देखिन्छ । यसलाई खेतिका रुपमा गर्ने र अरु साग वा हरियो तरकारी सरह बजारमा उपलब्ध हुने हो भने उपभोक्ताहरु अभ्यस्त हुने देखिन्छ । किनकि कहिले काँही पाउँदा निकै रुचिकासाथ लिएको पाइन्छ । हामीले केही किसानहरुलाई खेतिका रुपमा गर्न सुझाएका छौं, कसैले पनि शुरु गरेका छैनन् । यसको खेति गरेर बजारमा लैजाने हो भने कम परिश्रममा राम्रो आम्दानी लिन सकिने देखिन्छ । यो विशुद्ध रैथाने वनस्पती हो, यसमा कुनै मिसावट छैन । पोषणविद्हरुका अनुसार स्वास्थ्यका हिसाबले निकै राम्रो मानिन्छ ।

साभार : कृषि पत्रिका

# सार्वजनिक गऱ्यो एकमहिने अभियान

*प्रकृति माथि खेलवाड भएको छ । त्यसले नेपाल खाद्य प्रणालीमा मात्र असर पार्दैन समग्र जीव जगतलाई नै प्रभाव पार्ने कुरामा सचेत हुनु पर्ने बताए ।*

**सरस्वती मानन्धर :**
काठमाडौं २०८१ असाज ३०, खाद्यका लागि कृषि अभियानको आयोजनामा विश्व खाद्य दिवसको अवसर पारि एक महिने कार्यक्रमको आयोजना सार्वजनिक गरेको छ ।

खाद्यका लागि कृषि अभियानका संयोजन उद्धव अधिकारीको संयोजकत्वमा काठमाडौं लगायत देशको विभिन्न भागमा महिनाभर शिल्पी थिएटरको नाटक प्रस्तुती, नवराज विक र शिलाआलेको कृषि गीत, लगायत विभिन्न कार्यक्रम हुने जनाएको छ ।।

जोड्ने ?

कृषि पत्रकारहरुको साझा संगठन ( अनाज)का अध्यक्ष किरण आचार्य कृषि क्षेत्रको विकासको लागि आर्थिक विभिन्न रचनाहरु सिर्जना गर्न आग्रह गरेका छन् । आचार्यले सामाजिक सञ्जाल लगायत विभिन्न माध्यमहरुमा आफूले लेखेका लेख, समाचारहरू प्रकाशन गरेर देशको कृषिलाई माथि उठ्नमा सहयोग पुऱ्याउने आग्रह गरेका छन् ।

खाद्यका लागि कृषि अभियानका पूर्व संयोजक डा.कृष्ण पौडेलले नपालको माटो बचाउनु



नवराज विक र शिला आलेको स्वर संगीतमा खाद्यका लागि कृषि अभियान गीत प्रस्तुत गरिनेछ । रासायनिक मलको कारण माटो बिग्रेको अवस्था छ । माटो अबका दिनमा माटो सुधार गर्न सकिन्छ ? यही अवस्था रहे नेपालमा खाद्य संकट नआउँला भन्न सकिन्न ।

कृषि विज्ञ महानन्द सापकोटाले विश्व खाद्य दिवस र शून्य भोकमरी दिवस पनि मनाई रहेको छ । ३० प्रतिशत भूमि बाँझो छन् । खाद्यको कुरा गर्दा नेपाल कति आत्मनिर्भर छ । गाउँमा वृद्धवृदा र बालबच्चाहरु बाहेक कोही छैनन् ।१४ महिनालाई पुग्ने रेमिटेन्स् छ । सोचाई कमै भएको छ ।

भूमिका स्खलन लाखौ घन मिटर माटो बगेर जान्छ । उत्पादन नगरी सुखै छैन । रैथान बाली नष्ट भएर गएको छ । हाम्रो देशलाई कता लग्दै छ । युवा पुस्तालाई जीवन, सामाजिक, आर्थिक पद्धतिसँग कसरी

पर्छ । माटोमा विष नहाले पुग्छ । यूरोपको मैदाने कृषि सँग प्रतिस्पर्धा गर्न सक्दैन । प्रकृति माथि खेलवाड भएको छ । त्यसले नेपाल खाद्य प्रणालीमा मात्र असर पार्दैन समग्र जीव जगतलाई नै प्रभाव पार्ने कुरामा सचेत हुनु पर्ने बताए ।

डब्लु एच एचका कार्यक्रम अधिकृति शर्मिला पुनले नपालको कृषि पढाई गराईमा ठ्याक्कै उल्टो भएको बताए । सिँचाई नभएको भनिन्छ विकसित देशमा वर्ष वर्षमा भएको विकासको अनुगमन हुन्छ । नेपालमा खाद्य उत्पादन भएन भनिन्छ । कुन चाहीँ खान मिल्ने छ । तराईमा जनचेतना कम भएको हो की ? कर्कलो कोदोको ढेँडो खाद्य चुकुल लगाएर खानु पर्छ कि ?

युवालाई फाष्ट फुड खानु पर्छ भने धारण छ । उपभोक्ताको रुपमा कुरा उठायो भने पनि प्रभावकारी हुन्छ ।

कृषि विकास मन्त्रालयका सह(सचिव तथा कृषि विभागका निमित्त महानिर्देशक राजेन्द्र कोइरालाले

प्रत्येक वर्ष धानका ४४ लाख माना अक्षेता बनाइन्छ । २१ लाख के.जी चन्दनमा जान्छ । त्यसले धेरै दिनलाई खान पुग्छ । खाना खेरा जाने कार्यमा कम गर्ने हो । त्यसरी पनि खाद्य सुरक्षा गर्न सकिन्छ । बालीलाई खानाको रुपमा तयार पार्न करिब १ वर्ष लाग्छ । खाना फाल्नु, खानै लागेको मान्छेले खाना नफाल्दा पनि जोगिन्छ ।

डा.डा.नरहरी नाथ घिमिरेले उत्पादन बढाउनुको विकल्प छँदै छैन । जोगाउने तर्फ जोड दिनु पर्छ कि !

मैले के गरे तिमीले के गरिस् भन्ने भन्दा पनि पोषुणयुक्त खाद्य हामीलाई चाहिन्छ । शब्द थप्दै जान सक्यौं भने हामी जस्तो छौं त्यस्तैमा हामी पनि जिम्मेवार छौं । नकारात्मक कुरा बढ्नुमा हामी पनि जिम्मेवार छौं । मैले के दिनसक्छ भन्ने कुरामा आफैले सोचौं । सरकारी अभियानमा जोडेर होस्टेमा हैंसेमा गरी सूचना प्रवाह गरौं । न्यून्तम् food for all, today and tomaorrow' स्वच्छ पोषण बुझेर खानुपर्छ भने नारालाई जिम्मेवारी मूत रुप दिऊँ । र प्रत्येक नागरिकको जिम्मेवारी हो ।

खाद्यका लागि कृषि अभियनको संयोजक उद्धव अधिकारीले अन्न फलाउने ठाउँमा वनमारा र तितेपाती पलाएको छ । १५ महिना पुग्ने मुद्रा सञ्चिती छ । त्यसपछि १६ महिना पछि के गर्ने सोचेको छैन । क्यान्सरजन्य नसर्ने रोग बढ्ने अवस्था छ । रोगीहरुको मुलुक तर्फ जान लागेको छ । दिगो प्रविधितर्फ जोड लैजान्औं । गाँसमा आत्मनिर्भर थियो बास आफै बनाउथ्यो । सिमामा निर्यातमा भएको अवरोध पुऱ्याएको छ । स्वाधिनताको हिसाबले छाँगामा खस्ने हो ।

व्यवसायिक कृषिमा योगदान गरेको अमेरिकाका कृषि वैज्ञानिक जसले भनेको छ ।

सरकारको चिन्तन जमीन बिक्री नभएकोमा चिन्ता छ । भू(उपयोग नीति फलामको चिउरा चपाए सरह भएको छ । निर्यात गर्ने चिन्ता छैन । आयत घटाउन पारिवारिक कृषिमा जोडदिनु पर्छ । हामी ५ हजार वर्ष अगाडि देखिनै कृषिमा थियो । थोरै सुधार गर्न सक्यौं भने पनि खाद्य सुरक्ष ागर्न सफल हुन सक्छौं ।

# Why we need to think about transportation systems to reduce food loss

Appropriate transportation systems are vital to address the challenge of food losses, especially where produce has to be painstakingly carried to the nearest road to get to a market.

26/09/2024

*The supply chain to improve handling practice and reduce damage due to human error.*

It's a picture full of jarring contrasts. Shiny, late-model refrigerated trucks full of fruit pull up at the loading bays at supermarkets in some parts of the world. Elsewhere, farmers cultivating hillside fields load baskets of produce on their heads to get to the one road leading to the nearest trading station or market.

The transportation process, a critical point in fresh fruit and vegetable supply chains, contributes significantly to the 13 percent of the world's food losses that occur between harvesting and retail. To address this challenge we need to approach the whole system of transportation and come up with tailored solutions.

Here are four transportation considerations and possible solutions to reduce food loss:

1. Considering packaging and beyond

How produce is packaged is of course an important element in reducing food loss. The Food and Agriculture Organization of the United Nations (FAO) has invested considerable effort in training producers on better packaging methods, for example using rigid, reusable plastic crates to minimize mechanical damage during stacking and transportation.

But there are other equally important requirements such as temperature management and air flow. Produce should ideally be transported during the cooler part of the day, using vehicles with an open frame structure. It also needs to be protected from sunlight and dehydration. FAO initiatives have funded light-coloured tarpaulins to loosely cover trucks and protect produce from the elements. FAO has additionally supported the manufacturing of frames for transport systems to improve conditions.



FAO's work to reduce food loss during transportation focuses on areas including handling practices, packaging, temperature management and air flow.

2. Proposing alternative transport methods

In many low- and middle-income countries, transport systems designed for passengers or small pickups and vans are often used to transport fresh produce. This can lead to produce being exposed to high temperatures, heat stress, water loss and rapid deterioration. In addition, different types of terrain present various issues. For example, mountainous areas often lack feeder roads for transporting produce. That means everything has to be carried - in many places on people's heads or on horseback - to the nearest main road from where it can be conveyed to market.

This issue is all the more crucial in tropical countries, where high elevations favour production of high value and nutritious crops such as broccoli, carrots, strawberries, Chinese cabbage, and fresh herbs. In these contexts, innovative alternative systems of transport like zip lines, tramlines or ropeways make good sense, facilitating transport to locations such as trading stations or markets

FAO provides training all along the supply chain to improve handling practice and reduce damage due to human error.

3. Training to prevent human error

Proper training is crucial because human error also contributes to mechanical damage during the loading, transportation and unloading of fresh produce from transport systems. Produce handlers offloading packages too roughly or stacking boxes of fruit incorrectly can cause significant losses. Especially with delicate fruits like bananas or mangoes, bruising, compression or abrasion can make the produce unsellable or even inedible.

Also, for example, FAO's work in the Philippines has shown a 38 percent reduction in food losses in fresh produce supply chains by eliminating the intermediary repackaging of fresh produce destined for supermarkets in Manila. FAO provides training to those involved at all stages of the supply chain in adopting good handling practice during loading and unloading of the packaged produce, underlining the economic benefits to be gained.

4. Partnerships can be key

Public private partnerships can often help provide solutions to transportation challenges. To facilitate cross border trade in high value horticultural crops between the Lao People's Democratic Republic and Thailand, for example, FAO supported the construction of a fresh produce packing house on land donated by the Lao Government.

The success of initial cross border trade led to a public-private partnership between the Lao Government and a Thai company to operate the packing house and a cold chain for shipping produce to Thailand. An estimated 40 percent of the fresh produce outputs met market quality standards for export, while the remaining 60 percent were taken up domestically, largely by the hospitality sector.

FAO works to promote the development of organized transport systems critical for assuring the efficient transfer of perishable fresh produce from farms to markets with minimal food loss in low- and middle-income countries.

Inefficient transport systems are a major factor leading to unacceptable levels of loss, especially of foods rich in vitamins and other nutrients. Therefore, tackling this challenge in an integrated way is a critical area of work for FAO and its partners - for the benefit of people and planet.

# Risk of famine remains high across the entire Gaza Strip



Risk of famine remains high across the entire Gaza Strip as conflict intensifies and winter approaches

FAO urges immediate and unimpeded access to deliver critical agricultural aid and commercial food production inputs in time for the upcoming winter planting season

Rome - One year into the conflict, the risk of famine remains high across the whole Gaza Strip with more people likely to fall into severe hunger as conflict intensifies and winter approaches, according to a new report published by the Integrated Food Security Phase Classification (IPC) global initiative.

The new data reveals that about 1.84 million people across the Gaza Strip are experiencing extremely critical levels of acute food insecurity due to ongoing fighting, which has already displaced nearly 2 million people, destroyed 70 percent of crop fields, decimated livelihoods and local food production systems, resulted in collapse of health services and severely restricted humanitarian access and commercial activities.

A minor reduction in the severity of food insecurity seen in the current period of analysis (September - October 2024) is largely attributed to the surge in humanitarian assistance in North Gaza, Gaza city, Deir al-Balah and Khan Younis governorates between May and August 2024. This slight improvement will be short-lived considering the ongoing fighting and the clampdown on humanitarian and commercial activities observed since September, which will likely see an increase in the number of people suffering from severe food insecurity and acute malnutrition during the winter.

According to the new IPC report, around 133,000 people or 6 percent of the population are now experiencing catastrophic food insecurity (IPC Phase 5, Catastrophe). This number is expected to rise to about 345,000 people or 16 percent of the entire population, between November 2024 and April 2025.

Winter planting season is crucial

FAO's priority now is to reactivate local food production and restore the availability of highly nutritious food in Gaza, particularly in view of the upcoming winter season which is characterized by colder temperatures and increased rainfall - typically resulting in a deterioration in the food security and nutrition situation across the Gaza Strip.

Like other United Nations and humanitarian actors, FAO has experienced logistical and security challenges, particularly due to the restrictions at crossings, and the collapse of law and order inside Gaza, that constrains the delivery of?vital agricultural aid. Severe shortages of agricultural inputs significantly hinder local production efforts, making meaningful planting and agricultural activities nearly impossible.

"To curb acute hunger and malnu-

trition, we must act now - immediately cease hostilities, restore humanitarian access to deliver critical and essential food aid and agricultural inputs in time for the upcoming winter crop planting season which has already started - to allow them to grow food," said FAO Deputy Director-General Beth Bechdol.

"Humanitarian aid alone is not enough. People need fresh, nutritious food. To make a difference, we also need to support farmers to continue and restart the production of food, as well as the flow of imported food and non-food items," she added.

FAO is deeply concerned about significant livestock losses, which are indispensable for the livelihoods and the survival of people in Gaza. One of the Organization's key priorities is to protect 30 000 sheep and goats - representing about 40 percent of the total estimated to be alive. By nourishing these animals, enough milk can be provided for all of Gaza's children.

As of 29 September 2024, FAO has distributed fodder to over 4 400 livestock holders in Rafah, Khan Younis, and Deir al-Balah, and veterinary kits to about 2 400 herder families.

FAO stands ready to deliver more essential supplies - additional fodder, greenhouse plastic sheets, plastic water tanks, vaccines, energy blocks, and animal shelters - once access, security, and mobility conditions are restored.

